# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषा विषयले २०२८ सालपछि अनिवार्य पाठ्यांशका रुपमा मान्यता पाएर यहाँसम्म आइपुगेको हो । “त्रिभुवन विश्वविद्यालयले २०४२ सालदेखि शिक्षाशास्त्र संकायको स्नातकोत्तर तहमा शोध अध्ययनलाई ऐच्छिक विषयका रुपमा लिन पाउने व्यवस्था गरेपछि भाषिक अनुसन्धानले संस्थागत मान्यता पाएको देखिन्छ” (भण्डारी, ओझा, अर्याल २०६८: पृ १०)। यसरी शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तहको नेपाली शिक्षा विषयको पठनपाठन सुरु भएपछि सोही शैक्षिक प्रयोजनको लागि भाषा शिक्षण सम्बन्धी अनुसन्धान कार्यको आरम्भ भएको पाइन्छ । नेपाली भाषा शिक्षणका क्षेत्रमा नयाँ नयाँ ज्ञान र धारणाको विकास गराउन यसले सहयोग पुर्‍याइरहेको हुन्छ ।

नेपाली भाषा शिक्षणका क्षेत्रमा गरिने विभिन्न अनुसन्धानका क्षेत्रहरूमध्ये पाठ्यपुस्तक विश्लेषण विधा अन्तर्गत भाषापाठ्यपुस्तकका अन्त्यमा दिइएका  नमुना अभ्यासहरूलाई पनि आधार बनाउन सकिन्छ । भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा धेरै कुराहरूको समायोजन हुनुपर्ने हुन्छ । त्यस भित्र पर्ने नमुना अभ्यासहरू भाषिक सीप विकासका दृष्टिले उपयुक्त भए भने मात्र नेपाली भाषा पाठ्यपुस्तक सान्दर्भिक बन्न पुग्दछ ।  समय र परिस्थिति अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू परिवर्तन हुँदै आइरहेका छन् । यसै अनुसार विद्यालय तहको निम्नमाध्यामिक तहलाई आधारभूत तह बनाउने लक्षअनुरुप कक्षा ८ सम्मका पाठ्यपुस्तकहरू क्रमबद्ध रुपमा परिवर्तन गराई देशभरी लागु गरिएको छ । कक्षा १-५ र कक्षा ९-१० पाठ्यक्रमबिचको तहगत सङ्गति कायम गर्न आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम परिमार्जन गरिएको छ ।

शिक्षा नियमावलीको चौथो संशोधन २०६६/०५/१७ ले कक्षा १-८ लाई आधारभूत तह मानेपछि २०६७/०३/२० को राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णय अनुसार आधारभूत तह परीक्षणका लागि स्विकृत भएको हो ।  कक्षा छ, सात र आठका पाठ्यपुस्तकहरू भने देशभर छानिएका १८ जिल्लाका १०० विद्यालयहरूमा परीक्षणको रुपमा लागू गरिएको छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९: पृ i) कक्षा ६ र ७ का पाठ्यपुस्तकहरू देशभर पूर्ण रुपमा लागु भइसकेका छन्  ।

यसै आधारमा यस अध्ययनमा कक्षा छ को हाम्रो नेपाली किताब र नेपाली मा रहेका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने कार्यलाई यस शोधको विषयवस्तु

बनाइएको छ । “हाँसिल भएका सीपहरूलाई स्तरीय बनाउँदै लैजान तथा तिनीहरूको स्थायित्व कायम राख्न पनि अभ्यासकै आवश्यकता पर्ने भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा अभ्यासको योजना बनाउनु पर्याप्त जरुरी हुन्छ " (भण्डारी, घिमिरे, नेपाल २०६८ः पृ २१७)।परिवर्तित पाठ्यपुस्तक कति सान्दर्भिक छ ?केकस्ता कमीकमजोरी छन् ? पुरानो र नयाँ पाठ्यपुस्तक बीच के कस्ता अन्तर छन् ? भन्ने कुराको बोध गराई सरोकारवालाहरूलाई मार्गनिर्देशन गर्ने आशा गरी यो प्रतिवेदन तयार पारिएको हो । कक्षा ६ को  परिवर्तन भएको पाठ्यपुस्तकमा भएका नमुना अभ्यासहरू पुरानो पाठ्यपुस्तकका भन्दा कति सान्दर्भिक, सीपमूलक र व्यवहारिक छन् ? भन्ने कुरा पत्ता लगाई सरोकारवालाहरूलाई सुझाव समेत प्रदान गर्ने उद्धेश्यले यो अनुसन्धान गरिएको हो ।

## १.२. समस्याको कथन

प्रस्तुत शोधपत्रमा ‘हाम्रो नेपाली किताब’ कक्षा ६ र ‘नेपाली’ कक्षा ६ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरी समान कक्षाका दुई पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासहरूमा रहेका समानता र भिन्नतालाई यस अध्ययनमा समस्याको रूपमा ल्याइएको छ । प्रस्तुत शोधपत्रमा  हाम्रो नेपाली किताब र नेपाली कक्षा ६ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । विधागत विविधता अनुरुप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी अभ्यासहरूको सचेत व्यवस्था मिलाउनु पर्छ (शर्मा, पौडेल २०६०ः पृ ३६२) । उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्य अनुरुप नमुना अभ्यासहरू छन् की छैनन् ? नमुना अभ्यासहरू विद्यार्थीहरूको चाहना, रुचि, क्षमता र स्तरअनुरुप छन् की छैनन् ? भाषिक सीपहरूको समानुपातिक विकासमा नमुना अभ्यासहरूले के कति सहयोग पुऱ्याएका छन् ? विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरू उपयुक्त छन् या छैनन् ? सीप विकासका निम्ति कमजोर रहेका अभ्यासलाई के कस्तो सुझाव दिन सकिन्छ ?  यस अध्ययनमा हाम्रो नेपाली कक्षा ६ र नेपाली कक्षा ६ मा रहेका समानता र भिन्नता पहिल्याउँदै कमजोरी समेत पहिल्याउनु समस्या  अन्तर्गत लिइएको छ ।

## १.३ शोधका उद्धेश्य

प्रस्तुत शोधका निम्नलिखित उद्धेश्यहरू रहेका छन् :

– कक्षा छ को हाम्रो नेपाली किताबमा रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण गर्नु,

– कक्षा छ को नेपाली पाठयपुस्तकमा रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण गर्नु,

– दुवै पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानमा अनुसन्धानलाई तथ्यपूर्ण र व्यावहारिक बनाउन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू रहेका छन् :

– छ कक्षाका दुई पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासहरूमा के कस्ता समानता र भिन्नता छन् ?

– भाषिक सीपहरूको समानुपातिक विकासमा नमुना अभ्यासहरूले के कति सहयोग पुर्‍याएका छन् ?

– विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरू उपयुक्त छन् या छैनन् ?

– सीप विकासका निम्ति कमजोर रहेका अभ्यासलाई के कस्तो सुझाव दिन सकिन्छ ?

– विद्यार्थीको सिर्जनात्मक क्षमताको विकासमा नमुना अभ्यासले के कति मात्रामा जोड दिएका छन् ?

– व्याकरण पक्षलाई नमुना अभ्यासले उपयुक्त रुपमा समेट्न सकेको छ कि छैन ?

## १.५ अध्ययनको महत्त्व

हाम्रो देश नेपालको समग्र विकासक्रम सँगै शिक्षा क्षेत्रमा पनि विकास र परिवर्तनहरू हुँदै आएका छन् । शिक्षा क्षेत्रमा आएको परिवर्तन सँगै देशको आवश्यकता, सिकारुको इच्छा र चाहनालाई ख्याल गर्दै पाठ्यक्रम र पाठ्यपुस्तकहरू पनि परिवर्तन हुँदै गइरहेका छन् । राष्ट्रिय पाठक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०६९/०५/०८ को बैठकबाट स्विकृति प्राप्त भई नेपाल सरकारबाट मिति २०६९/०६/१० बाट कार्यन्वयनमा

लैजाने निर्णय भएअनुसार यसलाई विद्यालय तहको कक्षा छ बाट क्रमशः कार्यन्वयनमा ल्याइएको छ ( आधारभूत शिक्षा पाठ्यक्रम २०६९पृi) । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८ ) को २०६९ अनुसार तयार पारिएको यस पाठ्यपुस्तकलाई देशका विभिन्न विद्यालयहरूमा परीक्षण गरी प्राप्त सुझावका आधारमा पुनः परिस्कार गरी देशव्यापी रुपमा प्रयोग गर्ने उद्देश्यले यस रुपमा तयार पारिएको हो (कक्षा ६ नेपाली २०७० ) ।यसै आधारबाट हाम्रो नेपाली किताब कक्षा छ र परिवर्तित नेपाली कक्षा ६ मा प्रयुक्त नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन अनुसन्धानको क्षेत्रमा नवीन र उपयोगी हुने देखिन्छ । यस अध्ययनको महत्त्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- हाम्रो नेपाली कक्षा छ र परिवर्तित पुस्तक नेपाली कक्षा छ मा राखिएका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययनले भाषिक कौशल प्राप्त गर्ने तरिकाबारे जानकारी दिएको छ ।
- दुई पाठ्यसामग्रीहरूमा राखिएका नमुना अभ्यासहरूमध्ये कुन चाहि पाठ्यक्रमको मर्म र भावना अनुरुप बढी उपयोगी, सान्दर्भिक र समसमयिक छ भन्ने तथ्य पत्ता लगाउन सहयोग गरेको छ ।
- भाषा पाठ्यपुस्तकमा भाषिक सीप विकासको लागि के कस्ता नमुना अभ्यास कस्तो क्रममा राख्दा उपयुक्त हुन्छ भन्ने कुरा पत्ता लगाउन सहयोग गरेको छ ।
- समान कक्षाका फरक समयमा प्रकाशित पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास बिचको तुलनात्मक अध्ययन भएकोले पाठ्यपुस्तक लेखक र सरोकारवाला व्यक्ति तथा संस्थाका लागि सहयोगी बनेको छ ।
- प्रस्तुत शोधबाट पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासमा हटाउनुपर्ने, सुधार गर्नुपर्ने र थप गर्नुपर्ने नमुना अभ्यासका बारेमा जानकारी लिन सहयोग पुगेको छ ।
- तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिने भएकाले सबल र दुर्बल पक्षहरू छुट्याउन सहयोग पुगेको छ ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानलाई तथ्यपूर्ण र वस्तुगत बनाउन सीमाङ्कन गर्नु महत्त्वपूर्ण कार्य भएकाले यस अनुसन्धानमा निम्नानुसार सीमाङ्कन गरिएको छ :

– प्रस्तुत अध्ययन कक्षा छ को हाम्रो नेपाली किताब र परिवर्तित पुस्तक नेपाली कक्षा छ मा रहेका नमुना अभ्यासहरूमा मात्र सीमित रहेका छन् ।

– यस अध्ययनमा नमुना अभ्यासको तुलना गर्दा प्रश्नका प्रकारहरू, भाषिक सीप विकासमा महत्व, सिजर्नात्मक अभ्यास, व्याकरण (भाषातत्व) , सिर्जनात्मक लेखन, टिप्पणी, व्याख्या, विवेचना, श्रुतिबोध, श्रुतिरचना जस्ता विभिन्न तहका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ पूर्वकार्यको समीक्षा

शोध कार्य गर्नुभन्दा पहिले आफुभन्दा अगाडि भएका शोधहरुको अध्ययन विश्लेषण गरी आफ्नो विषयसँग सम्बन्धित कुन कुन शीर्षकमा अध्ययन भएका छन् र कुन कुन शीर्षकमा हुन बाँकी छन् सो कुरा पत्ता लगाउन पूर्वकार्यको समीक्षा गर्नुपर्ने हुन्छ, त्यसैले पूर्वकार्यको समीक्षा गर्दा शीर्षकहरु नदोहोरियोस भन्नका लागि पूर्वकार्यको समीक्षा गर्नु आवश्यक छ । नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासहरूको तुलना र विश्लेषणका सन्दर्भमा विभिन्न समयमा फरक फरक तह र कक्षामा भएका अध्ययन अनुसन्धानहरूको समीक्षा गर्नु यस अध्ययनलाई सहयोग पुर्‍याउने महत्वपूर्ण उपाय हो । यी कुराहरूलाई मध्यनजर राख्दै यस शोध कार्यको शिलशिलामा सम्बन्धित विषयमा भएका उपलब्ध पूर्वकार्यहरूको समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.१.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

प्रत्येक पाठका मूल अंशका विधाको प्रकृति तथा प्रयोजन अनुरुप नमुना अभ्यासहरूको उपयुक्त मात्रामा संयोजन हुनु अपेक्षित मानिन्छ । (नेपाली भाषा शिक्षण डा. हेमाङ्गराज अधिकारी पृ. १९५)

नमुना अभ्यास भाषा पाठ्यपुस्तकको अभिन्न अङ्ग हो । यसमा दिइने निर्देशन स्पष्ट हुनुपर्दछ । नमुना अभ्यास विद्यार्थीको कठिनाई क्षेत्र पत्ता लगाउन सहायक हुनुपर्दछ । सकेसम्म विभिन्न तरिकाले भाषिक पाठ्यवस्तुको सबलीकरण होस् भन्ने विचार गरी पर्याप्त सङ्ख्यामा प्रश्नहरू दिइनुपर्छ । यस्ता प्रश्नहरू भाषिक सिप विकासका लागि उपयोगी र भाषा सिकाइमा रुचि जगाउने खालका हुनुपर्छ । भाषापाठ्यपुस्तकमा दिइने अभ्यासमा भाषिक सिप बढाउने पाठ्यवस्तुलाई जोड दिनुपर्दछ । (अधिकारी र शर्मा २०५९: पृ२७)

अधिकारी(२०५९) द्वारा लेखिएको नेपाली भाषा शिक्षण भन्ने पुस्तकमा भाषा पाठ्यपुस्तकका विशेषताहरू उल्लेख गर्दै भाषिक अभ्यासलाई विशेष जोड दिनुपर्ने कुरा प्रस्ट पारिएको छ । नमुना अभ्यासहरू उपयुक्त मात्रामा समायोजन हुनुपर्ने, अभ्यासमा विविधता हुनुपर्ने, स्पष्ट हुनुपर्ने र भाषिक कार्यकलापलाई समेत निर्देशन गर्नसक्ने हुनु पर्ने कुरा

उल्लेख छ । यसमा नमुना अभ्यासमा दिने भाषातत्तव र व्याकरणगत अभ्यासहरू सैद्धान्तिक भन्दा प्रयोगपरक हुनुलाई भाषा पाठ्यपुस्तकको विशेषता मानिएको छ ।

नमुना अभ्यासको प्रयोगको अवस्था र महत्त्व स्पष्ट पार्दै भण्डारी र अन्य(२०६८पृ २०८) उल्लेख गर्छन्, "भाषिक सीपहरू अभ्यासद्वारा मात्र प्राप्त गर्न सकिन्छ । भाषिक सीपको प्राप्तिका लागि विषयगत र विधागत प्रकृतिअनुसार अभ्यासहरूको योजना गर्नु जरुरी हुन्छ । जसका लागि विविध अभ्यासहरूको ं संयोजन गरिनुपर्दछ ।" उनीहरू भाषापाठ्यपुस्तकमा रहेका नमुना अभ्यासमा कमजोरी रहेको कुरा उल्लेख गर्दछन् । विद्याालय तहका सुरुसुरुका पाठ्यपुस्तकमा अभ्यासको विविधतामा कमी रहेको, सीप स न्तुलन र विविध पक्षका प्रतिनिधि अभ्यासका दृष्टिले सीमित रहेका, पाठगत प्रयोजनलाई ख्याल नगरिएको र नमुना अभ्यासले विषयवस्तुको वर्णन र व्याख्यामा जोड दिएको कुरा उल्लेख गर्दै २०५५ पछि यसमा सुधार आएको बताएका छन् । पछिल्ला संस्करणहरूमा भने अभ्यासमा विविधता ल्याउन खोजिएको र लिखित, मौखिक र प्रयोगात्मक तिनै प्रकारका अध्यासको सन्तुलन मिलाउन खोजिएको कुरा स्पष्ट पारिएको छ ।

### २.१.२ सम्बन्धित साहित्यको पुनरावलोकन

पौडेल (२०५५) द्वारा "जिल्लास्तरीय परीक्षा २०५१ म समावेश गरिएका कक्षा आठका  नेपाली भाषाका प्रश्नहरूको विश्लेषण" शीर्षकमा गरिएको शोध अध्ययनलाई पनि यस यस क्षेत्रसँग सम्बन्धित उल्लेख्य अध्ययनको रुपमा लिन सकिन्छ । यस अध्ययनले प्रश्नपत्रमा भएका त्रुटिहरू पहिल्याई प्रश्नपत्र पाठ्यक्रम अनुरुप हुनुपर्ने भाषिक विकासका पक्षहरूको संयोजन मिल्नुपर्ने, सन्तुलित हुनुपर्ने जस्ता कुराको निचोड निकालिएको छ । यस अध्ययनले प्रश्नपत्र निर्माणमा ध्यानदिनुपर्ने कुराहरू, प्रश्नपत्र त्रुटिरहित हुनुपर्ने कारण पहिल्याई सुधारका लागि सुझाव प्रस्तुत गरेको छ। सबै प्रश्नपत्र निर्माणकर्तालाई यसले प्रश्नपत्र निर्माणको लागि मार्ग प्रदान गर्दछ ।

दाहाल (२०५५) द्वारा "निम्नमाध्यामिक तहको नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन"  शीर्षकमा भएको शोध कार्यमा नि.मा. तहको नमुना अभ्यास व्यावहारिक नभएको, व्याकरणिक अभ्यासको श्रृङ्खला टुटेको, व्याकरणसम्बन्धी अभ्यासहरू पर्याप्त नभएको, केही अभ्यासहरू विद्यार्थीको क्षमता भन्दा उच्च रहेको, छनोट र स्तरणको ख्याल नभएको निश्कर्ष निकालिएको छ । यस अध्ययनमा भाषा विषयका नमुना

अभ्यासहरू भाषिक सीप विकासका लागि उपयुक्त हुनुपर्ने, विद्यार्थीको स्तर र क्षमतालाई ध्यान दिइनुपर्ने कुराको सुझाव प्रस्तुत गरिएको छ। यस शोध कार्यले नेपाली भाषा पाठ्यपुस्तकमा स्तरीय नमुना अभ्यास छनोट र निर्माण गर्न प्रेरणा प्रदान गर्दछ।

गेलाल(२०६८) कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन, शीर्षकमा गरिएको शोध कार्यले कतिपय नमुना अभ्यासमा शिक्षक र विद्यार्थीका लागि स्पष्ट निर्देशन नदिइएकाले अन्यौल रहेको कुरा उल्लेख गरेको छ। औसत रुपमा स्तरीय नै देखिएपनि समूहगत कार्यकलपमा अभ्यासहरू न्यून देखिएको र विधागत सन्तुलन मिलेपनि प्रयोगात्मक प्रश्न न्यून भएको कमजोरी पहिल्याएको छ, सीपगत आधारलाई ख्याल गर्न नसकेको र अभ्यासको संयोजनमा कमजोरी रहेको निष्कर्ष रहेको छ।

ठकुरी (२०६१) द्वारा "हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ नमुना अभ्यासको तुलनात्मक अध्ययन" गरेको पाइन्छ। यस शोधले भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास उपयुक्त हुनुपर्ने कुरा उल्लेख गरेको छ। यस अध्ययनले नमुना अभ्यासमा हुने त्रुटि केलाई त्रुटि सुधारका लागि प्रेरणा प्रदान गरेको छ। नमुना अभ्यासहरू भाषिक सिप विकासको लागि महत्वपूर्ण हुने भएकाले विविधतापुर्ण हुनुपर्ने र सबैप्रकारका अभ्यासहरू समावेश हुनुपर्ने कुराको सुझाव प्राप्त हुन्छ।

गौतम (२०६२ ) द्वारा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन, शीर्षकमा गरिएको शोधको निष्कर्षमा अभ्यासहरू विधागत क्षेत्र र क्रमअनुसार रहेका, उद्धेश्यका विभिन्न तहलाई नमुना अभ्यासमा समेट्न खोजिएको, शब्दभण्डारका अभ्यासलाई आगमनात्मक विधिबाट सिकाइने प्रयास गरिएको कुरा पाइन्छ भने अभ्यासमा निर्देशनको अभाव रहेको कुरा उल्लेख गर्दै सुझाव प्रस्तुत गरिएको छ।

अधिकारी (२०६५)द्वारा "प्राथमिक तह कक्षा तीनको मेरो नेपाली किताब २०६३ मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन" ले विधा अनुरुप अभ्यासहरू नभएको सबै भाषिक सीप विकासमा नमुना अभ्यासहरू समानुपातिक र सुहाउँदा नभएका, नमुना अभ्यासहरू सरलबाट जटिलको क्रम नमिलाइएको कुराको निचोड यसमा पाउन सकिन्छ। यसमा व्याकरणगत अभ्यासहरू पाठ्यक्रमले तोकेअनुरुप नभएको कुरा समेत उल्लेख गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ।

ढुंगाना (२०६७) ले “कक्षा ६ को हाम्रो नेपाली किताब रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन”  विषयमा शोधकार्य भएको छ। यस शोधले नेपाली भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको वितरण सन्तुलित रुपमा नभएको,अभ्यासको तालमेल नमिलेको, सीप विकासमा उपयुक्त हुन नसकेको निचोड निकालेको छ। यसमा व्याकरणात्मक अभ्यासका लागि प्रयोगात्मक अभ्यासका साथै बोधगत र सिर्जनात्मक अभ्यासलाई समेत महत्त्व दिनुपर्ने कुरा उल्लेख छ। पाठ्यक्रम र पाठ्यपुस्तक परिवर्तनशिल कुरा भएकाले समय सापेक्ष नमुना अभ्यासहरू परिवर्तन हुनुपर्ने कुरालाई जोड दिइएको छ।

खतिवडा (२०६९) द्वारा “भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन” शीर्षकमा गरिएको शोध पनि यस विषयवस्तुको अध्ययनको लागि सहयोगी देखिन्छ। यस शोधले नमुना अभ्यास छनोट र स्तरणका लागि महत्त्वपूर्ण भूमिका  खेल्दछ। यसले पाठ्यपुस्तकको स्पष्ट अवधारणाका साथ भाषा शिक्षण गर्नुपर्ने, कक्षा शिक्षणलाई क्रियाकलापमुखी बनाउन नमुना अभ्यास छनोट पक्षलाई ध्यान दिनुपर्ने कुरालाई जोड दिइएको छ। पाठ्यपुस्तकमा नमुना अभ्यासको संयोजन उपयुक्त नभएकोले वौद्धिक स्तर, रुचि र क्षमतालाई ख्याल गरिनु पर्ने कुरा प्रस्तुत गरिएको छ। यस अध्ययनले भाषिक सिप विकासमा केन्द्रिकृत रहन, मौखिक अभिव्यक्तिगत अभ्यासहरू थप गर्न, अभ्यासमा स्पष्ट निर्देशन दिन, अभ्यासलाई क्रियाकलापमूखी बनाउन र वैयक्तिक रुचिको क्षेत्रलाई समेट्न सुझाव प्रस्तुत गरेको छ। नमुना अभ्यासको रखाइक्रम, निर्देशन, जटिलता , सिर्जनात्मकताको अभाव जस्ता कुराले भाषिक सीप विकास कार्यमा बाधा सिजर्ना गर्ने भएकाले यी कुराहरूको समाधानमा लाग्न यस अध्ययनले बल पुर्‍याएको छ।

काफ्ले (२०६९) द्वारा भएको “कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन”  पनि यस अध्ययनसँग सम्बन्धित र सहयोगी अवश्य देखिन्छ। उनले गरेको यस अध्ययनमा नमुना अभ्यासमा भाषिक सीपलाई सन्तुलित बनाउन नसकेको, विधाअनुसार अभ्यासहरू मिल्दो नभएको र बोलाइ सिप विकासका कार्यकलापहरू कम भएकाले भाषिक सिपलाई सन्तुलित बनाउनुपर्ने, अभ्यासहरू विधा अनुरुप मिलाएर राखिनुपर्ने, बोलाइ सीप विकासका कार्यकलापहरू कुराकानी, संवाद, चित्रवर्णन, घटना वर्णन, अभिनय, नाटकीकरण जस्ता कुराहरूलाई समावेश गर्न सुझाव

प्रस्तुत गरिएको छ । यस अध्ययनमा सिर्जनात्मक प्रश्नहरूको अभ्यासको कमी भएकोले विधा अनुरुप सिर्जनात्मक अभ्यासहरू समावेश गर्नुपर्ने निचोड निकालिएको छ । यसमा नमुना अभ्यासमा आवश्यक पर्ने गुणहरूको चर्चा भएको छ ।

पराजुली (२०६९) कक्षा ६ को "हाम्रो नेपाली किताब" र "रसिलो नेपाली" भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन, शीर्षकमा गरिएको शोधमा नमुना अभ्यासलाई सरल देखि जटिलको क्रममा स्तरण गर्नु आवश्यक रहेको निष्कर्ष छ । यस शोधमा विधाको मर्म अनुसारका अभ्यासलाई हरेक विधाको पछाडी समावेश गर्न सुझाव दिइएको छ । यस अध्ययनमा अभ्यासमा विविधता रहेको कुरालाई सकरात्मक रुपमा लिइएको छ ।


माथि उल्लेख गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययनसँग सम्बन्धित शोध र अन्य अध्ययनहरूबाट नमुना अभ्याससँग सम्बन्धित अध्ययनहरू थोरबहुत हुदै गरेको यथार्थ बुझ्न सकिन्छ । सबै अनुसन्धान कर्ताहरूले एउटै र मिल्दाजुल्दा विषयमा फरक फरक कोणबाट अध्ययन अनुसन्धान गर्ने कार्य भने गरेकै छन् । नमुना अभ्याहरूको तुलनात्मक अध्ययन सम्बन्धी कार्यले पाठ्यक्रम र पाठ्यपुस्तकको परिस्कार र परिमार्जन कार्य गर्न समेत महत्वूर्ण योगदान पुर्‍याउने कुरा बुझ्न सकिन्छ । नमुना अभ्यास सम्बन्धी यी विभिन्न प्रकारका अनुसन्धानहरू भए पनि पर्याप्त र पूर्ण भने हुन सकेको देखिदैन । अनुसन्धानबाट खारिएर आएका परिमार्जित भाषा पाठ्यपुस्तकका नमुना अभ्यासहरू त्रुटिरहित भएमा मात्र सबल पाठ्यपुस्तक बन्न सक्छ । यस शोध कार्यमा हालसम्म भएको अध्ययन अनुसन्धानलाई अझ विस्तृत पार्दै हाम्रो नेपाली कक्षा ६ र परिवर्तित नेपाली कक्षा ६ का नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने कार्य गरिएको छ । यस कार्यले पाठ्यपुस्तक लेखक, अनुसन्धानकर्ता र सरोकारवाला व्यक्ति वा संस्थाहरूलाई सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

## २.२ पूर्वकार्यको समीक्षाको उपयोगिता

कुनै पनि अध्ययन गर्नु भन्दा पहिले त्यस अध्ययनसँग सम्बन्धित र सहयोगी हुने किसिमका पूर्व कार्यहरूको समीक्षा गर्नु आवश्यक हुन्छ । आफूले अध्ययन गर्न लागेको विषयसँग सम्बन्धित सामग्रीको समीक्षा गर्दा आफ्नो अध्ययनलाई सरल रुपमा अघि बढाउन त्यससँग सम्बन्धित विषय शीर्षकहरुमा भएका शोध अध्ययन विश्लेषण गर्नाले आफुले तयार गर्न लागेको शीर्षक र पूर्व तयार पारिएका शोध शीर्षकहरु दोहोरिन पाउँदैनन् जसले गर्दा शीर्षक छनोट गर्ने कार्यमा नै यो उपयोगी छ । शोध कार्य गर्दा आफ्नो विषयवस्तुसँग सम्बन्धित कति कुराहरु छुटाउनु हुदैन भन्ने सम्बन्धमा पनि पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ । शोधकार्य गर्दा कसरी अगाडि बढ्ने र कसरी व्यवस्थित गर्दै सरल तरिकाले सम्पन्न गर्न पनि यो उपयोगी हुन्छ । पूर्वकार्यको समीक्षा गरेर अघि बढेमा मात्र आफ्नो अध्ययनलाई वस्तुगत , सत्य र तथ्यपूर्ण बनाउन सहयोग पुग्छ अनि दोधारपनबाट मुक्त भई सहज रुपमा आफ्नो शोधकार्य समापन गर्न सकिने भएकाले यसको उपयोगिता छ । यस अध्ययनमा पनि अगाडि विविध विषयमा भएका पूर्वकार्यको समीक्षाले नमुना अभ्यासको तुलनात्मक अध्ययनलाई प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुर्‍याएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

यस अध्ययनको अवधारणात्मक ढाँचा यसप्रकार रहेको छ ।



# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अध्ययन विधि

निश्चित विधिको आधारमा मात्र अनुसन्धानलाई पूर्ण बनाउन सकिन्छ। अनुसन्धानमा विभिन्न चरणहरू रहेका हुन्छन्। नमुना छनोट, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण आदि प्रक्रियाद्वारा अनुसन्धानलाई सफल बनाउन सकिन्छ। यसमा प्रमुख रुपमा पुस्तकालयीय अध्ययन लाई प्रमुख रुपमा जोड दिइएको छ। यो तुलनात्मक अध्ययन वर्णनात्मक ढाँचामा आधारित भएकाले यस प्रकारको प्रक्रिया अपनाइएको छ :

१. समस्या पहिचान
२. उद्देश्य निर्धारण
३. चलहरूको निर्धारण, नमुना छनोट
४. तथ्याङ्क सङ्कलन तथा विश्लेषण

यी कार्यहरू पुरा गर्न सङ्गठन, वर्गीकरण, तालिकीकरण, प्रतिशताङ्क, अर्थापान, वर्णन, व्याख्या, विश्लेषण आदि प्रक्रिया द्वारा प्रतिवेदनको ढाँचामा पुगिएको छ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

यस शोध अध्ययनमा अध्ययनको विषयवस्तु नमुना अभ्यासको तुलनात्मक अध्ययन भएकाले कक्षा ६ को हाम्रो नेपाली किताब र नेपाली भित्र रहेका नमुना अभ्यासहरू नमुनाभित्र रहेका छन्। यस अध्ययनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन जनसङ्ख्या नमुना साहारा पनि लिइएको छ। कक्षा ६ को नेपाली पठनपाठन भइरहेका विद्यालयहरूका नेपाली बिषयका बिषय शिक्षकहरूलाई जनसङ्ख्या नमुनाको रुपमा लिइएको छ।

ठूलो जनसङ्ख्यामा अध्ययन कार्य व्यवस्थित हुन नसक्ने भएकाले मोरङ जिल्लाका ३ वटा सामूदायिक विद्यालयका ३ जना नेपाली विषयका विषय शिक्षकहरू नमुना छनोटभित्र परेका छन्। श्री सामाजिक नि.मा.वि पथरी -५ की शिक्षिका बुद्धिमायाँ केरुङ, श्री पञ्चायत उ.मा.वि पथरी - १ की शिक्षिका श्री नर्वदा दाहाल, श्री शिक्षा निकेतन मा.वि.कोसी हँरैचा ९ की शिक्षिका कल्पना तिम्सिना लाई नमुना छनोट गरी पुरानो र नयाँ पाठ्यपुस्तकका समानता र भिन्नताका बारेमा प्रश्नहरू सोधिएको छ।

यस अध्ययनको लागि उद्धेश्यमूलक र सुविधाजनक विधिबाट नमुना छनोट गरिएको छ। आधारभूत पाठ्यक्रम लागु भएपछि कक्षा ६ मा २०७० सालबाट र कक्षा ७ मा २०७१ बाट देशभरी लागु भएका विद्यालयलाई नमुना भित्र राखिएको हो। जनसङ्ख्या नमुना

छनोट भन्दा पनि पाठ्यपुस्तक भित्रका नमुना अ्भ्यासलाई पुस्तकालयीय तुलनात्मक शोधविधिमा आधारित भई विश्लेषण गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

यस शोधमा पाठ्यपुस्तक विश्लेषण विधाअन्तर्गत रहेर अनुसन्धान कार्य गरिएको छ । पाठ्यपुस्तक भित्र पर्ने नमुना अभ्यासलाई विषयवस्तु बनाएर अनुसन्धान गरिएको छ । नमुना अभ्यासलाई सीप, तह, व्याकरण र शब्दभण्डार आदि विषयवस्तुको क्षेत्रका आधारमा तुलना र विश्लेषण गरिएको छ ।  यसमा कक्षा ६ हाम्रो नेपाली किताब र नेपाली कक्षा ६ मा रहेका नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन गरिएको छ । यसमा मोरङ जिल्लाका ३ वटा सामूदायिक विद्यालयहरू भौगोलिक क्षेत्र अन्तर्गत पर्दछन् । श्री सामाजिक नि.मा.वि पथरी -५ , श्री पञ्चायत उ.मा.वि पथरी - १ , श्री शिक्षा निकेतन मा.वि.कोसी हँरैचा ९ गरी तीन वटा विद्यालयका विषय शिक्षकहरूलाई प्रश्नावली बनाइ प्रश्न सोधिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस अध्ययनमा छनोट गरिएका विषयवस्तु र भौगोलिक क्षेत्रलाई आधार मानेर आधारभूत शिक्षा पाठ्यक्रम लागू भएका विद्यालयहरूमा कक्षा ६ मा नेपाली विषय अध्यापन गराउँदै गरेका बिषय शिक्षकहरूसँगको अन्तर्वार्ता प्रश्नावलीका माध्यमबाट तथ्याङ्क र सूचना सङ्कलन गरिएको छ । यस कार्यमा  वर्णनात्मक ढाँचाको प्रयोग गरी पुस्तकालयीय विधिबाट अनुसन्धान गरिएको छ । सङ्ख्या, तालिकीकरण र प्रतिशताङ्कको तुलना र विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि छानिएका विद्यालयहरूमा फरक फरक समयमा आँफै गएर प्रश्नावली निर्माण गरी लिखित र मौखिक र लिखित रुपमा नै सूचना सङ्कलन गरिएकोछ । ती विद्यालयमा रहेका प्र.अ. सँग समेत समन्वय गरेर विषय शिक्षकलाई तथ्याङ्क र सूचना प्राप्तिको लागि जागरुक बनाइएकोछ । हरेक अनुसन्धानलाई एक अर्काको सहयोग महत्वपूर्ण हुने कुरा स्पष्ट पार्दै नेपाली विषयका विषय शिक्षकबाट सूचना ग्रहण गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

यो अध्ययन परिमाणात्मक भएकाले तालिकीकरण र प्रतिशताङ्क प्रयोग गरी विश्लेषण गरिएको छ । सङ्ख्या र प्रतिशताङ्क प्रयोग गरी वर्णनात्मक र व्याख्यात्मक विधिको माध्यमबाट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

# परिच्छेद चार : व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमको रुपमा रहँदै आएको छ । विद्यालयतहको प्रारम्भिक कक्षा देखि अनिवार्य रुपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यवहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक छ । कक्षा ६ निम्नमाध्यमिक तहको पहिलो खुट्किलो पनि हो । यस कक्षामा कथा, कविता, जीवनी, चिठी, रुपक, निबन्ध/प्रवन्ध जस्ता विषयहरू समावेश गरिएका छन् भने कार्यमूलक व्याकरणलाई पनि समावेश गरिएको छ । कार्यमूलक व्याकरण समावेश गर्नुको उद्देश्य पाठको प्रकृति अनुसारका व्याकरण तत्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकास गराउनु हो । विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारको हुनेछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगात्मक कार्य वा परियोजना कार्य, विद्यार्थीको व्यवहारमा आएको परिवर्तन, कक्षा सहभागिता आदिका आधारमा गरिन्छ ।

विशेष सिकाइ आवश्यकता भएका र अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने कुरा पाठ्यक्रममा उल्लेख भएको छ । आधारभूत तहको कक्षा छ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ । सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने र आवधिक मूल्याङ्कनका लागि विशिष्टिकरण तालिका प्रयोग गर्नुपर्ने साथै सुनाइ, बोलाइ, पढाइ र लेखाइ परीक्षाको उत्तिार्णाङ्क ४० प्रतिशत हुनुपर्ने कुरा पाठ्यक्रममा व्यवस्था भएको छ । मातृभाषा, स्थानीय बिषय वा अन्य बिषयका लागि १०० पूर्णाङ्क छुट्याइएको छ । एक शैक्षिक सत्रमा २१० दिन पढाइ सञ्चालन गरी १०५० घण्टा पठन पाठन हुनुपर्ने र कम्तिमा ४५ मिनेटको समयलाई १ घण्टी मानी कक्षा सञ्चालन गर्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ ।

कक्षा १-८ लाई वर्तमान शिक्षा नीति अनुरुप आधारभूत तह मानेपछि कक्षा ६ को प्राथमिक तह पार गरी निम्नमाध्यमिक तहको सुरुवातको वर्ष हो । निम्न माध्यमिक तहमा भाषा शिक्षण गर्नुको लक्ष उनीहरूलाई भाषिक व्यवहारमा सक्षम बनाउनु हो । भाषा शिक्षणको प्रमुख उद्धेश्य विद्यार्थीमा बोध र अभिव्यक्ति क्षमताको क्षमताको अभिवृद्धि गराउनुका साथै भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ ) को विकास गराउनु पनि हो ।

पाठ्यपुस्तकमा नमुना अभ्यासको प्रारम्भिक खण्डमा शब्दार्थ रहेको छ। विद्यार्थीको स्तर अनुरुप कठिन मानिएका शब्दलाई प्रत्येक पृष्ठको अन्त्यमा प्रस्तुत गरिएको छ। यसो गर्दा विद्यार्थीलाई शब्दार्थ बोध गरी पठन पाठनमा सहयोग पुगेको छ। यसरी पाठको शब्दार्थ खण्डमा प्रस्तुत गरिएका शब्दार्थलाई पर्यायवाची, विपरीतार्थक, पारिभाषिक/प्राविधिक, अनेकार्थक, अनुकरणात्मक उखानटुक्का आदिमा वर्गीकरण गरिएको छ।

जस्तै - हाम्रो नेपाली किताब

पर्यायवाची :– मुनी-ऋषि, तपस्वी (हाम्रो नेपाली किताब पृ: १)

विपरीतार्थकः- मर्यादित- अमर्यादित (हाम्रो नेपाली किताब पृ: १४)

श्रूतिसमभिन्नर्थक :- होस्-होस (हाम्रो नेपाली किताब पृ: ६३)

प्राविधिक/पारिभाषिक :- कुपोषण -पौष्टिक तत्व कमि भएको

(हाम्रो नेपाली किताब पृ: १०१)

उखान टुक्का :– ढुङ्गो खोज्दा देउता मिल्नु- खोजेभन्दा उत्तम वस्तु पाइनु

(हाम्रो नेपाली किताब पृ: ४१)

अनुकरणात्मक शब्द : - टुप्लुक्क-आउनु (हाम्रो नेपाली किताब पृ : १२८)

नयाँ नेपाली

पर्यायवाची :- उजाड- सखाप (नेपाली पृ: ८)

विपरीतार्थक :- शत्रु-मित्रु (नेपाली पृ: १२१)

श्रूतिसमभिन्नार्थक :- सार-सार (नेपाली पृ:१)

पारिभाषिक/प्राविधिक :- कीटनाशक-किराफट्याङ्ग्रा नाश गर्ने

(नेपाली पृ: १०५)

उखान टुक्का :- हुने बिरुवाको चिल्लो पात (नेपाली पृ: ३५)

अनुकरणात्मक :- अचानक- एक्कासी (नेपाली पृ: १३९)

पाठमा प्रयुक्त अन्य अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा विद्यमान विषयवस्तु अन्तर्गत दिइएका अभ्यास भाषिक सिपसँग सम्बन्धित अभ्यास, व्याकरणसँग सम्बन्धित अभ्यास र शब्दभण्डारसँग सम्बन्धित अभ्यासको छुट्टाछुट्टै शीर्षक एवम् उपशीर्षकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

विधागत विषयवस्तुमा आधारित अभ्यास खण्डको विश्लेषण गर्दा प्रश्नको तहमा बोध प्रयोग र सिर्जनात्मक जस्ता कुरालाई आधार बनाइएको छ। पाठमा दिएका विधागत

विषयवस्तु राम्रोसँग अध्ययन गरी उत्तर दिनुपर्ने खालका अभ्यासलाई बोधात्मक अन्तर्गत राखिएको छ । यसबाट विद्यार्थीमा बुझेर पढ्ने बानीको विकास हुन्छ ।

जस्तै :- हाम्रो नेपाली किताब

- भिक्षु नेपाली साहित्यतर्फ कसरी आकर्षित भए ?

(हाम्रो नेपाली किताब पृ: २९)

- डुहुरे मुसाहरू सेतो बिरालोकहाँ किन गए ?

(हाम्रो नेपाली किताब पृ: ६०)

- बुद्धका मुख्य उपदेशहरू के के हुन् ? (हाम्रो नेपाली किताब पृ: १०६ )

नेपाली

-अनिताले किन शिक्षक हुने विचार गरेकी होलिन् ? (नेपाली पृ : २८)

-माटोमा अम्लियपन हुन नदिन केको प्रयोग गर्नुपर्छ ? (नेपाली पृ: ५६)

-लुइ पास्चरले कुन कुन क्षेत्रमा योगदान दिए ? (नेपाली पृ: ९८)

नमुना अभ्यासको व्याख्या तथा वि श्लेषणलाई प्रयोगात्मक प्रश्नका आधारमा पनि विश्लेषण गरिएको छ । प्रयोगात्मक प्रश्नहरू पनि विषयगत र वस्तुगत गरी दुइ किसिमका हुन्छन् । उदाहरणको रुपमा ठीक/वेठीक छुट्याउने, खालि ठाउँ भर्ने, जोडा मिलाउने, बहुबैकल्पिक आदिलाई लिन सकिन्छ । यस्ता प्रकारका प्रश्नको समाधान विद्यार्थीले प्रयोगात्मक रुपले गर्नुपर्ने हुन्छ । यस्तो अभ्यासबाट विद्यार्थीमा खोजेर पढ्ने बानीको विकास गर्ने लक्ष्य राखिएको हुन्छ ।

क) ठीक/बेठीक छुट्याउने प्रश्नः

१. डुहुरे मुसाहरूले सेतो बिरालोलाई लखेटे । (हाम्रो नेपाली किताब पृ:१)

२. युधिष्ठिरको सीप र जाँगर थियो । (हाम्रो नेपाली किताब पृ: ८४)

३. पाण्डवहरू सत्यवादी, धर्मात्मा र कर्तव्य परायण थिए । (हाम्रो नेपाली किताब पृ८४

ख) पाठ अनुसार ठीक शब्द राखेर खालि ठाउँ भर :

१. उद्योग धन्दाहरू बढेर .........प्रदुषित भएको छ । (गाउँघर, सहर, वातावरण)

२. अव्यवस्थित बसोबास बढ्नाले जहीतहीँ...............बढेको छ ।

(फोहोरमैला, बजारभाउ, झैझगडा)

३. पर्ती जग्गाहरूमा ..................लगाउनुपर्छ । (बालीनाली, तरकारी, बोटबिरुवा)

(नेपाली पृ: १०६)

ग) मिल्दो शब्दसँग जोडा मिलाइ कापीमा सार :

| | |
|---|---|
| माता | इच्छा |
| बेला | आमा |
| स्वभाव | समय |
| चाहना | उपासना |
| अमूल्य | बानी |
| | महत्त्वपूर्ण |

(नेपाली पृ: ३६)

घ) मिल्ने उत्तरमा ठीक चिंन्ह लगाऊ :

१. युधिष्ठिर जलाशय किन पुगे ?

(क) भाइहरूको खोजी गर्न (ख) पानी खोज्न (ग) अग्निकवज लिन

२. कौरवले कसरी पाण्डवलाई हराए ? (क) बलपूर्वक (ख) कपटपूर्ण (ग) बुद्धिपुर्वक

(हाम्रो नेपाली किताब पृ: ८४)

प्रयोगात्मक तर्फ विद्यार्थीहरूलाई व्याकरणिक नियम तथा अभ्यासको प्रयोग गरी देखाउन भन्ने प्रकारका प्रश्नहरू समावेश गरिएको छ। यस अन्तर्गत खालिठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने गर्ने जस्ता प्रश्नहरू समावेश गरिएको छ।

जस्तैः (क) खालि ठाउँमा मिल्ने बिशेषण शब्द भर :

१. हात्तीका ............आँखा हुन्छन् ।

२. ................किताब कस्को हो ?

३. सगरमाथा सबैभन्दा .............हिमाल हो ।

(हाम्रो नेपाली किताब पृ: ९२)

नेपाली

(क) कोष्ठकमा दिइएका मिल्दो क्रियापदका आधारमा खालि ठाउँ भर :

१. तिमी चिठी ....................। (लेख्छु, लेख्छौ, लेख्छस् )

२. म पाठ .................। (पढ्छु, पढ्छौ, पढ्छ )

३. हामी मिलनसार ....................। छेस्, छ, छौं )

विधागत विषयवस्तुमा आधारित अभ्यासमा विद्यार्थीमा आफैँ सिर्जना गर्ने र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्नका लागि यस्ता सिर्जनात्मक प्रश्नहरू पनि समावेश

गरिएका छन् । यस्ता प्रकारका प्रश्नले विद्यार्थीमा भएको लेखनकला परीक्षण गर्न सहयोग पुग्दछ ।

जस्तैः

१. आफुले गरेको शैक्षिक भ्रमणको विवरण उल्लेख गर्दै आफ्नो साथीलाई पत्र लेख ।

(हाम्रो नेपाली किताब पृः ५५)

२. बलभन्दा बुद्धि ठूलो भन्ने बिषयमा कुनै एक पक्षमा खँदिला तर्कहरू लेखेर देखाऊ ।

( हाम्रो नेपाली किताब पृ : ७२)

३. पत्रपत्रिका अध्ययनको महत्त्व शीर्षक राखी दुईजना बीचको संवाद लेख ।

( नेपाली पृ : ३१)

४. फोहोर मैला नियन्त्रण शीर्षकमा ८० शब्द सम्मको प्रबन्ध लेख ।

( नेपाली पृः १११)

व्याकरणिक अभ्यासमा समावेश भएका समस्यामूलक प्रश्नहरूलाई निर्देशनका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद आदि पाठबाट पहिचान गर्न लगाउने खालका प्रश्नहरू पहिचानात्मक नमुना प्रश्नहरू हुन् । यस्ता प्रश्नहरू पनि अभ्यास खण्डमा समावेश गरिएको छ ।

जस्तै :

१. अन्य पाठहरूबाट १० वटा श्रुतिसमभिन्नर्थक शब्द खोजेर शिक्षकलाई देखाऊ :

(हाम्रो नेपाली किताब पृः६३)

२. पाठको पाचौँ अनुच्छेदबाट विशेषण शब्द खोजी कापीमा सार । (नेपाली पृः२२)

भाषाशिक्षण गर्नु भनेको विषयवस्तुको शिक्षण नभई बिषयवस्तुका माध्यमबाट भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को शिक्षण गर्नु हो । त्यसैले नमुना अभ्यासमा समावेश भएका प्रश्नहरूले यी चार सिपहरूमध्ये कुनै एउट सिप विकासमा अवस्य जोड दिएको हुन्छ ।

जस्तै : १. 'भानुभक्त श्रद्धाञ्जली' भन्ने कविता लयमा वाचन गर ।

(हाम्रो नेपाली किताब पृः ३५)

२. स्पष्टसित उच्चारण गर : (चेतन, पत्र, प्रतिष्ठा, आशक्ति, प्रतिष्ठामय, )

(हाम्रो नेपाली किताब पृः ५४ )

३. शुद्ध पारी सार :

उनको शरीर नरहेपनि उनका अग्र कार्यबाट एक महान बैग्यानिकका रुपमा उनको नाम सन्सारमा पर्सिद्ध छ ।

४. अर्थ भन :

(उपज, विराट, आविस्कार, ठेकी, गुन्द्री, मोह)

( नेपाली पृः १३१)

५. शिक्षकले गुरु कविता वाचन गरेको सुन र तिमी पनि त्यसरी नै वाचन गर ।

( नेपाली पृः ३)

## ४.२ 'हाम्रो नेपाली किताब कक्षा ६' मा रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण

निम्नमाध्यमिक तहको कक्षा ६ को 'हाम्रो नेपाली किताब' पुरानो नेपाली पाठ्यपुस्तक हो । यो पुस्तक सम्पूर्ण सरकारी विद्यालय र केही संस्थागत विद्यालयमा पनि उपयोग गरिएको पाइन्थ्यो तर हाल आएर २०७० देखि देशभरि पाठ्यक्रम परिवर्तन भई 'नेपाली' शीर्षकमा कक्षा ६ को नयाँ पुस्तक आएको छ । यहाँ 'हाम्रो नेपाली किताब' मा भएका नमुना अभ्यासको विश्लेषण निम्न ढङ्गले गरिएको छ :

### ४.२.१ शव्दार्थको व्याख्या तथा विश्लेषण

कक्षा ६ को 'हाम्रो नेपाली किताव' मा विभिन्न विधाहरु रहेका छन् । जसमा ती प्रत्येक पाठहरुमा विद्यार्थीलाई कठिन लाग्ने वा बुझ्न गाह्रो हुने खालका शव्दहरुलाई गाढा अक्षरले सङ्केत गर्दै पाठ सकिए लगत्तै त्यस्ता कठिन शव्दहरुको अर्थ स्पष्ट हुनका लागि शव्दार्थ सूची राखिएको छ । जसमा पारिभाषिक/प्राविधिक, पर्यायवाची, अनुकरणात्मक, विपरीतार्थक र अनेकार्थक शव्दहरु समावेश भएका छन् । यि शव्दहरुलाई उदाहरण सहित निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

पर्यायवाची शव्द :- उजाड-सखाप

विपरीतार्थक शव्द :- शत्रु-मित्रु

पारिभाषिक/प्राविधिक :- कीटनाशक-किराफट्याङ्ग्रा नाश गर्ने

अनुकरणात्मक :-अचानक -एक्कासि

अनेकार्थक :-सार-सार

पाठ्यपुस्तकमा भएका कठिन शव्दको विवरणलाई निम्नानुसार वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. १ : कठिन शव्दका अर्थको प्रस्तुतीगत विवरण

| क्र.स | शब्दको किसिम | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिभाषिक/प्राविधिक | १६९ | ४८.७० |
| २ | पर्यायवाची | १६७ | ४८.१३ |
| ३ | अनुकरणात्मक | ३ | ०.८६ |
| ४ | विपरीतार्थक | ३ | ०.८६ |
| ५ | अनेकार्थक | ५ | १.४४ |
| ६ | उखानटुक्का | - | - |
| जम्मा | | ३४७ | १०० |

माथिको तालिकाअनुसार कक्षा ६ को 'हाम्रो नेपाली किताव' मा समावेश भएका कठिन शव्दको विश्लेषण गर्नुपर्दा जम्मा २२ वटा पाठशीर्षकमा ३४७ वटा कठिन शव्द र तिनका अर्थहरु समावेश भएका छन् । यी शव्दहरुलाई पनि पारिभाषिक, प्राविधिक, पर्यायवाची, अनुकरणात्मक, विपरीतार्थक र उखानटुक्का गरी ५ समूहमा विभाजन गरी रहँदा पारिभाषिक प्राविधिक शब्द सबैभन्दा बढी १६९ वटा अर्थात् ४८.७०%, पर्यायवाचीतर्फ १६७ अर्थात् ४८.१३%, त्यस्तै उखानटुक्कातर्फ ५ शब्द अर्थात् १.४४%, अनुकरणात्मकतर्फ ३ अर्थात् ०.८६% र विपरीतार्थकतर्फ ३ अर्थात् ०.८६% शव्दहरु रहेको पाइन्छ ।

माथिको विवरणलाई मनन गर्दा कक्षा ६ को पुरानो पाठ्यपुस्तक अन्तर्गत समावेश भएका २२ वटा पाठमा समाविष्ट कठिन शव्दहरुमध्ये सबैभन्दा बढी पारिभाषिक/प्राविधिक शव्द रहेका छन् । त्यसपछि पर्यायवाची दोस्रो स्थानमा रहेका छन् भने क्रमश उखानटुक्का तेस्रो स्थानमा र अनुकरणात्मक र विपरीतार्थी शव्द सङ्ख्या बराबरर तथा न्यून रहेको पाइन्छ ।

### ४.२.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

कक्षा ६ को पुरानो पाठ्यपुस्तक "हाम्रो नेपाली किताब" मा जम्मा २२ वटा पाठ शीर्षक अन्तर्गत विभिन्न विधाहरू समावेश भएका छन् । जसभित्र कथा ५ वटा, कविता ४ वटा, प्रबन्ध ५वटा, जीवनी ४वटा, चिठी /निवेदन २ वटा र रुपक २ वटा रहेका छन् । विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण गर्दा पाठमा भएका नमुना अभ्यासहरूलाई बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक गरी तीन तहमा वर्गीकरण गरी देखाइएको छ । जसमा प्रश्नको उदाहरणहरू निम्नानुसार रहेका छन् ।

बोधात्मक प्रश्नहरू :

१.भिक्षु नेपाली साहित्य तर्फ कसरी आकर्षित भए ?(हाम्रो नेपाली किताब पृ. २९)

२. डुहुरे मुसो र सेतो बिरालो कहाँ किन गए ? (हाम्रो नेपाली किताब पृ. ६०)

३. बुद्धका मुख्य उपदेशहरू के के हुन् ? (हाम्रो नेपाली किताब पृ. १०६)

प्रयोगात्मक प्रश्नहरू:

१. उद्योगधन्दाहरू बढेर .........प्रदुषित भएको छ ।

(गाउँघर, शहर, वाताावरण)

२. अव्यवस्थित बसोवास बढ्नाले जहिँतहीँ ............बढेको छ ।

(फोहरमैला, बजारभाउ, झैझगडा)

३.पर्ती जग्गाहरूमा ..............लगाउनुपर्छ ।

( बालीनाली, बोटबिरुवा , तरकारी )

सिर्जनात्मक प्रश्न :

१. आफूले गरेको शैक्षिक भ्रमणको विवरण उल्लेख गर्दै साथीलाई पत्र लेख ।

२. बलभन्दा बुद्धि ठूलो भन्ने शीर्षकको कुनै एक पक्षमा खँदिला तर्कहरू पेश गर ।

तालिका नं. २ : विधासम्बन्धी अभ्यासको प्रस्तुतीगत विवरण

| क्र.स | विधा | विधा सं | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | ५ | ६८ | ४३ | ४ | ११५ | २४.८३ |
| २ | कविता | ४ | ५८ | २९ | ११ | ९८ | २१.१६ |
| ३ | प्रबन्ध | ५ | ६६ | ३० | ५ | १०१ | २१.८१ |
| ४ | जीवनी | ४ | ४१ | ३७ | ४ | ८२ | १७.७१ |
| ५ | चिठी/निवेदन | २ | १० | १४ | ६ | ३० | ६.४७ |
| ६ | रुपक | २ | २६ | ९ | २ | ३७ | ७.९९ |
| | जम्मा | २२ | २६९ | १६२ | ३२ | ४६३ | |
| | प्रतिशत | | ५८.१० | ३४.९८ | ६.९१ | | १०० |

माथिको तालिका अनुसार कक्षा ६को 'हाम्रो नेपाली किताब' मा जम्मा २२ वटा पाठ रहेका छन् । कथा विधामा ५ वटा पाठहरु रहेका छन् , जसमा बोध अन्तर्गत ६८ वटा, प्रयोग अन्तर्गत ४३ र सिर्जनात्मक ४ गरी कथा विधामा जम्मा ११५ वटा प्रश्नहरु रहेका छन् । यो कुल सङ्ख्याको २४.८३% हो ।

कविता विधा अन्तर्गत ४ वटा पाठहरु रहेका छन् । जसमा बोधअन्तर्गत ५८ वटा प्रश्न, प्रयोगात्मक अन्तर्गत २९ र सिर्जनात्मक अन्तर्गत ११ वटा गरी जम्मा ९८ वटा प्रश्न रहेका छन् । यो कुल सङ्ख्याको २१.१६% हुन आँउछ ।

प्रबन्ध विधाअन्तर्गत रहेर तथ्याङ्कको विश्लेषण गर्दा जम्मा ५वटा पाठहरु रहेका छन् । प्रवन्ध विधामा बोधसम्बन्धी ६/६ वटा, प्रयोगात्मक ३० वटा र सिर्जनात्मक ५ गरी जम्मा १०१ वटा प्रश्नहरु समावेश भएका छन् । यो कुल सङ्ख्याको २१.८१% हुन्छ ।

जीवनी विधा अन्तर्गत ४ वटा पाठहरु रहेका छन् भने यसमा बोधसम्बन्धी ४१, प्रयोगसम्बन्धी ३७ र सिर्जनात्मक ४ गरी जम्मा ८२ अर्थात कुल सङ्ख्याको १७.७१% हुन्छ ।

चिठी/निवेदन अन्तर्गत एउटा चिठी र एउटा निवेदन गरी जम्मा २ वटा पाठहरु रहेका छन् । जसमा बोधसम्बन्धी १०, प्रयोगसम्बन्धी १४ र सिर्जनात्मक ६ गरी जम्मा ३० वटा नमुना अभ्यास रहेका छन् । यो कुल सङ्ख्याको ६.४७% हुन आँउछ ।

वादविवाद/संवाद विधाअन्तर्गत तथ्याङ्कको विष्लेशण गर्दा एउटा वादविवाद र एउटा संवाद गरी दुइवटा पाठहरु समावेश गरिएको छ भने यस पाठ्यपुस्तकमा बोधसम्बन्धी २६, प्रयोगात्मक ९ र सिर्जनात्मक २ गरी जम्मा ३७ अर्थात कुल प्रश्न सङ्ख्याको ७.९९% नमुना अभ्यास समावेश भएका छन् ।

माथि विधागत रुपमा छुट्टाछुट्टै रुपमा विश्लेशण गरिएको छ । समग्रमा सबै विधालाई समेटी विश्लेशण गर्दा कक्षा ६ 'हाम्रो नेपाली किताब' मा बोधसम्बन्धी २६९ वटा प्रश्नहरु रहेका छन् । यो कुल सङ्ख्याको ५८.१०% हुन्छ । प्रयोग अन्तर्गत हेर्दा जम्मा १६२ अर्थात कूल सङ्ख्याको ३४.९८% प्रश्नहरु समेटिएका छन् । विद्यार्थीमा सिर्जनात्मक क्षमता अभिवृदि  गर्ने खालका प्रश्न जम्मा ३२ वटा अर्थात कूल सङ्ख्याको ६.९१% प्रश्नहरु समावेश भएका छन् ।

तालिकालाई अध्ययन एवम् विश्लेषण गर्दा बोधसम्बन्धी प्रश्नहरु अत्याधिक रुपमा रहेको पाइन्छ भने प्रयोगात्मक प्रश्नहरु मध्यम र सिर्जनात्मक क्षमताको विकास गर्ने खालका प्रश्नहरु ज्यादै न्यून रहेको पाइन्छ । समग्र पक्षको तुलना गर्दा पाठ्यपुस्तकमा प्रयोगात्मक र सिर्जनात्मक किसिमका प्रश्नहरु बढाएमा विद्यार्थीमा भाषिक सीपगत क्षमता विकासमा थप सहयोग पुग्ने देखिन्छ ।

### ४.२.३ व्याकरणसम्बन्धी अभ्यासको व्याख्या विश्लेषण

कक्षा ६ मा "हाम्रो नेपाली किताब"मा  रहेका व्याकरणसम्बन्धी अभ्यासहरू जम्मा १६४ वटा रहेका छन् । जसमा व्याकरणलाई परिचयात्मक, प्रधारणात्मक,  प्रयोगात्मक र पहिचानात्मक गरी चार भागमा वर्गीकरण गरिएको छ । यहाँ पदसङ्गति, वर्णविन्यास, काल, पक्ष, अर्थ/भाव, वाक्य परिवर्तन, क्रियापद, शब्दवर्ग, कारक विभक्ति, लेख्य चिन्ह, शब्दभण्डार जस्ता शीर्षकमा व्याकरण सम्बन्धी नमुना अभ्यासको चर्चा गरिएको छ । व्याकरण सम्बन्धी नमूना अभ्यासलाई निम्नानुसार उदाहरणसहित प्रस्तुत गरिएको छ ।

परिचयात्मक प्रश्न :

उदाहरणसहित भविष्यतकालको परिचय देऊ । (हाम्रो नेपाली पृ : ५५)

प्रधारणात्मक प्रश्न :

तलको कुन चाहीँ वाक्य सम्भावनार्थक हो ? छुट्याऊ ।

१. दशैँमा छोरो घर आउला ।

२. हामीलाई स्वतन्त्रता प्यारो लाग्छ ।

३. मेरो परीक्षा सफल हुनेछ ।

(हाम्रो नेपाली पृ. २६)

पहिचानात्मक प्रश्न :

“वातावरणको रक्षा” भन्ने पाठको सातौं अनुच्छेदबाट क्रियापदहरू खोजी कापीमा सार ।

(हाम्रो नेपाली पृ. १०१)

प्रयोगात्मक प्रश्न :

- तलका क्रियाका अपूर्ण रुपलाई वाक्यमा प्रयोग गर ।

खेल्दैछे –

लेख्दैथिए–

बग्दै थियो–

(हाम्रो नेपाली पृ. १२३ )

तालिका नं. ३ : व्याकरणसम्बन्धी अभ्यासको विवरण

| क.स. | व्याकरण शीर्षक | परिचयात्मक | प्रधारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | पदसङ्गति | ५ | ७ | ८ | ४ | २४ | १४.६३ |
| २. | वर्णविन्यास | १ | ३ | १ | १ | ६ | ३.६५ |
| ३. | काल | ३ | ६ | ४ | ४ | १७ | १०.३६ |
| ४. | पक्ष | २ | ४ | ६ | ३ | १५ | ९.१४ |
| ५. | अर्थ/भाव | | | | ३ | ३ | १.८२ |
| ६. | वाक्यपरिवर्तन | १ | ३ | २ | ३ | ९ | ५.४८ |
| ७. | क्रियापद | १ | ३ | २ | ७ | १३ | ७.९२ |
| ८. | शव्दवर्ग | ३ | ३ | ६ | २ | १४ | ८.५३ |
| ९. | कारक/विभक्ति | १ | ४ | २ | १ | ८ | ४.८७ |
| १०. | लेख्यचिन्ह | १ | ४ | २ | ५ | १२ | ७.३१ |
| ११. | शव्दभण्डार | ३ | ३ | ७ | ३० | ४३ | २६.२१ |
| | जम्मा | २१ | ४० | ४० | ६३ | १६४ | |
| | | १२.८० | २४.३९ | २४.३९ | ३८.४१ | | १०० |

प्रस्तुत पाठ्यपुस्तकमा रहेका व्याकरणसँग सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा पदसङ्गतिसँग सम्बधित अभ्यासलाई जम्मा २४ ओटा अर्थात १४.६३%, वर्णविन्यासतर्फ जम्मा ६ ओटा अर्थात ३.६५% कालसँग सम्बन्धित अभ्यासलाई हेर्दा जम्मा १७ ओटा अर्थात् १०.३६% पक्षसँग सम्बन्धित जम्मा १५ ओटा अर्थात् ९.१४%, अर्थ/भावसँग सम्बन्धित जम्मा ३ ओटा अर्थात ५.४८% क्रियापदसँग सम्बन्धित जम्मा १३ ओटा अर्थात् ७.९२% शब्दवर्गसँग सम्बन्धित जम्मा १४ ओटा अर्थात ८.५३% कारक/विभक्तिसँग सम्बन्धित जम्मा ८ ओटा अर्थात् ४.८७%, लेख्य चिन्हसँग सम्बन्धित १२ ओटा अर्थात् ७.३१% शव्दभण्डारसँग सम्बन्धित जम्मा ४३ ओटा अर्थात २६.२१% अभ्यासहरु समाविष्ट रहेको तथ्य प्रस्तुत तालिकाको विश्लेषणबाट प्रष्ट भएको छ। व्याकरण अन्तर्गतका शीर्षकहरुमध्ये सबैभन्दा बढी शव्दभण्डारसँग सम्बन्धित अभ्यास रहेको पाइन्छ भने सबैभन्दा कम अभ्यास अर्थ/भावसँग सम्बन्धित अभ्यास रहेको पाइन्छ। यसबाट कक्षा ६ को नेपाली भाषा शिक्षणमा सकेसम्म शव्दभण्डारको विकास गराउन वर्णविन्याससँग सम्बन्धित अभ्यासहरु बढी समावेश गरिएको पाइन्छ।

### ४.२.४ भाषिक सीपसँग सम्बन्धित अभ्यासको व्याख्या तथा विश्लेषण

कक्षा ६ को हाम्रो नेपाली किताबमा रहेका नमुना अभ्यासहरूलाई भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइका आधारमा विश्लेषण गर्नुपर्दा जम्मा ६६५ वटा प्रश्नहरू रहेका छन्। कथा, कविता, प्रबन्ध, संवाद, चिठी, जीवनी विधाहरूलाई छुट्टाछुट्टै रुपमा राखी सुनाइ, बोलाइ, पढाइ, लेखाइ, पढाइ+लेखाइ, सुनाइ+लेखाइ, बोलाइ+लेखाइ गरी विधाअनुरुप वर्गीकरण गरिएको । भाषिक सिप सम्बन्धी नमुना अभ्यासलाई निम्नानुसार उदाहरणसहित प्रस्तुत गरिएको छ :

बोलाइ :

१. प्रस्टसँग उच्चारण गर:

चेतन, पत्र, प्रतिष्ठा, आशक्ति, प्रतिष्ठामय

२. सबै प्रकारका नाम प्रयोग गरी आफ्नो विद्यालयको बारेमा मौखिक रुपमा वर्णन गर।

पढाइः प्रधानाध्यापकलाई निवेदन भन्ने पाठ कक्षामा पढेर सुनाऊ।

(हाम्रो नेपाली पृ.११६)

लेखाइ : आफूले गरेको शैक्षिक भ्रमणको विवरण उल्लेख दर्दै साथीलाई पत्र लेख।

पढाइ+लेखाइः गल्ती वाक्यलाई सच्याएर कापीमा सार ।

क) तिमी कथा सुन्छ ।

ख) तपाइँ चिठी लेख्छौ । (हाम्रो नेपाली पृ.३२)

सुनाइ+लेखाइः ठूले र साने कथाको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

बोलाइ+लेखाइ : आफ्नो गाउँघरमा देखिएका प्रदुषणसम्बन्धी समस्याहरू टिपोट गरी तिनको रोकथाम गर्ने उपायबारे साथीहरूसँग छलफल गरी लेख ।

भाषिक सिप सम्बन्धी नमुना अभ्यासलाई निम्नानुसार तालिका बनाइ व्याख्या विश्लेषण गरिएको छ :

तलिका नं. ४: भाषिक सीपसँग सम्बन्धित विवरण

| क्र.स | भाषिक विधा | बोलाइ | पढाइ. | लेखाइ | प.ले. | सु.ले | बो.ले. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | १६ | १७ | ११७ | १४ | ३ | | १६७ | २५.१२ |
| २ | कविता | ५ | १७ | ८३ | ४ | २ | १ | ११२ | १६.८४ |
| ३ | प्रबन्ध | १९ | १२ | १३० | १५ | २ | २ | १८० | २७.०६ |
| ४ | संवाद | १८ | १ | ४४ | २ | | | ६५ | ९.७७ |
| ५ | चिठी | ६ | ८ | ३९ | १ | | | ५४ | ८.१२ |
| ६ | जीवनी | ६ | २ | ६० | १५ | | ४ | ८७ | १३.०८ |
| जम्मा | | ७० | ५७ | ४७३ | ५१ | ७ | ७ | ६६५ | १०० |
| प्रतिशत | | १०.५२ | ८.५७ | ७१.१२ | ७.६७ | १.०५ | १.०५ | १०० | |

माथिको तालिकाको अध्ययन एवम् विश्लेषण गर्दा कथा विधामा बोलाइ सीपसँग सक्बन्धित १६ वटा, पढाइसँग सक्बन्धित १७ वटा लेखाइसँग ११७, पढाइ लेखाइ स्पि संयुक्त विकास गर्ने १४ वटा, सुनाइ लेखाइका लागि ३ वटा गरी जम्मा १६७ अर्थात २५.१२ प्रतिशत अभ्यासहरु रहेका छन् ।

कविता विधाको अध्ययन गर्दा बोलाइ सीप विकास गर्ने ५ वटा, पढाइ सीपसँग सम्बन्धित १७ वटा, लेखाइ सीपसँग सम्बन्धित ८३ वटा, पढाइ र लेखाइ मिश्रित ४ वटा,

सुनाइ र लेखाइ सम्बन्धित २ वटा, बोलाइ र लेखाइ सम्बन्धित १ वटा गरी जम्मा ११२ अर्थात १६.८४ प्रतिशत अभ्यासहरु समावेश भएका छन् ।

प्रवन्ध विधाको विधासङ्ख्या ५ वटा जसमा बोलाइ सीपको विकास गर्ने १९ वटा, पढाइ सीपका लागि १२ वटा लेखाइ सीपका लागि १३० वटा, पढाइ र लेखाइ सीपका लागि १५ वटा, सुनाइ र लेखाइका लागि २ वटा, बोलाइ र लेखाइका लागि २ वटा गरी जम्मा १८० वटा अर्थात २७.०६ प्रतिशत नमुना अभ्यासहरु रहेका छन् ।

संवाद विधाअन्तर्गत विश्लेषण गर्दा बोलाइका लागि १८ वटा, पढाइका लागि १ वटा, लेखाइका लागि ४४ वटा, पढाइ र लेखाइ सीपको संयुक्त विकासका लागि २ वटा गरी जम्मा ६५ अर्थात ९.७७ प्रतिशत नमुना अभ्यासहरु समावेश भएका छन् ।

चिठी विधामा रहेका नमुना अभ्यासको विश्लेषण गर्दा बोलाइ सीपसँग सम्बन्धित ६ वटा, पढाइसँग सम्बन्धित ८ वटा , लेखाइसँग सम्बन्धित ३९ वटा, पढाइ र लेखाइसँग सम्बन्धित १ वटा गरी जम्मा ५४ वटा अर्थात ८.१२ प्रतिशत नमुना अभ्यास रहेका छन् ।

जीवनी विधामा रहेका नमुना अभ्यासको विश्लेषण गर्दा बोलाइ सीपसँग सम्बन्धित ६ वटा, पढाइसँग सम्बन्धित २ वटा, लेखाइसँग सम्बन्धित ६० वटा, पढाइ र लेखाइसँग सम्बन्धित ४ वटा गरी जम्मा ८७ अर्थात १३.०८ प्रतिशत भाषिक सीप विकास गर्ने नमुना अभ्यासहरु समावेश भएका छन् ।

पाठ्यपुस्तकमा बोलाइ सीपको विकास गर्ने ७० वटा प्रश्न वा १०.५२ प्रतिशत रहेका छन् । बोलाइ सीपको विकास गर्ने ५७ वटा प्रश्न अर्थात कुल सङ्ख्याको ८.५७ प्रतिशत प्रश्न रहेका छन् । लेखाइ सीपसँग सम्बन्धित ४७३ अर्थात ७१.१२ प्रतिशत प्रश्नहरु रहेकाछन् । पढाइ र लेखाइ सीपको संयुक्त विकास गर्ने ५१ वटा प्रश्न वा कुल सङ्ख्याको ७.६७ प्रतिशत प्रश्न रहेका छन् । सुनाइ र लेखाइ सीपको संयुक्त विकासका लागि ७ वटा प्रश्न अर्थात् १.०५ प्रतिशत प्रश्न रहेका छन् । बोलाइ र लेखाइ सीपको विकास गर्ने ७ वटा प्रश्न अर्थात १.०५ प्रतिशत नै प्रश्नहरु रहेका छन् ।

समग्रमा भन्नुपर्दा पाठ्यपुस्तकको प्रबन्ध विधामा सबैभन्दा बढी भाषिक सिपसम्बन्धी प्रश्नहरू समावेश भएको पाइन्छ भने सबै विधाहरूमा लेखाइ सिपको विकासका लागि प्रश्नहरू प्रशस्त छन्  तर अन्य भाषिक सिप सम्बन्धी प्रश्नहरू न्यून मात्रामा रहेका छन्  । समानुपातिक रुपमा सबै भाषिक सिप र संयुक्त (दुइवटा भाषिक

सिपको एउटै प्रश्नले विकास गराउने ) प्रश्नहरू वृद्धि गरेमा पाठ्यपुस्तक अझ राम्रो हुने देखिन्छ ।

## ४.३ "नेपाली" कक्षा ६ मा प्रयुक्त नमुना अभ्यासको व्याख्या तथा विश्लेषण

"नेपाली" किताव पाठ्यक्रम विकास केन्द्रद्धारा निर्धारित कक्षा ६ को नेपाली भाषा पाठ्यक्रममा आधारित भएर तयार पारिएको परिमार्जित नयाँ पाठ्यपूस्तक २०७० मा लागू भएको पाठ्यपुस्तक हो । यस पाठ्यपुस्तकलाई सरकारी विद्यालयहरुले पाठ्यसामग्रीका रुपमा प्रयोग गर्दै आएको पाइन्छ । यस पुस्तकमा समावेश भएका नमुना अभ्यासलाई विभिन्न शीर्षक अन्तर्गत राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ शव्दार्थको व्याख्या तथा विश्लेषण

कक्ष ६ को नयाँ पाठ्यपुस्तक "नेपाली " मा प्रत्येक पाठका पछाडि कठिन लाग्ने खालका शब्द र तिनको अर्थ प्रस्तुत गरिएको छ । शब्दार्थसूचि भित्र पर्यायवाची, पारिभाषिक/प्राविधिक, अनेकार्थक, विपरीतार्थक, अनुकरणात्मक अदि शब्दहरू रहेका छन् । पाठका अन्त्यमा दिइएका शब्दार्थलाई निम्नानुसार उदाहरणसहित प्रस्तुत गरिएको छ ।

१. पर्यायवाची शब्द : गिरी - पहाड, पर्वत

२. पारिभाषिक/प्राविधिक शब्द : क्वाँटी - विभिन्न किसिमका गेडागुडी मिसाइएको खानेकुरा

३. अनुकरणात्मक शब्द : फटाफट, जुरुक्क

४. अनेकार्थक शब्द : कर - तिरो, ढिपी

पाठको अन्त्यमा दिइएको शब्दार्थ सूचिमा रहेका शब्दहरूलाई निम्नानुसार तालिकाबद्ध गरी तिनको व्याख्या विश्लेषण गर्न सकिन्छ ।

तालिका नं.५: शव्दार्थको व्याख्या तथा विश्लेषण

| क्र.स | शव्दको किसिम | शव्दसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्यायवाची | १६२ | ५०.६२ |
| २ | पारिभाषिक/प्राविधिक | १४९ | ४६.५६ |
| ३ | अनुकरणात्मक | ७ | २.१९ |
| ४ | अनेकार्थक | २ | ०.६३ |
| ५ | उखानटुक्का | | |
| | जम्मा | ३२० | १०० |

प्रस्तुत तालिका अनुसार कक्षा ६ को 'नेपाली' पाठ्यपुस्तकमा समाविष्ट शव्दार्थ सूचीमा रहेका शव्दको विष्लेशण गर्दा जम्मा ३२० शव्दसङ्ख्या रहेका छन् । जसमा पर्यायवाची शव्द, पारिभाषिक/प्राविधिक शव्द, अनुकरणात्मक शव्द, अनेकार्थक शव्द रहेका छन् । पर्यायवाची शव्द १६२ अर्थात कूल सङख्याको ५०.६२ प्रतिशत रहेका छन् । पारिभाषिक/प्राविधिक शव्द १४९ वटा अर्थात कुल सङ्ख्याको ४६.५६ प्रतिशत शव्दहरु रहेका छन् । अनुकरणात्मक शव्द ७ वटा अर्थात कूल सङ्ख्याको २.१९ प्रतिशत रहेका छन् । अनेकार्थक शव्द २ वटा अर्थात ०.६३ प्रतिशत रहेका छन् भने उखानटुक्काजनित शव्दहरु शव्दार्थ सूचीमा रहेको पाइँदैन । यसरी हेर्दा पर्यायवाची शव्द शव्दार्थ सूचीमा सबैभन्दा बढी अनि क्रमश पारिभाषिक/प्राविधिक, अनुकरणात्मक र अनेकार्थक शव्दहरु न्यून मात्रामा रहेका छन् ।

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा भएका शब्दार्थसूचीमा पर्यायवाची, पारिभाषिक/प्राविधिक शब्दहरू पर्याप्त मात्रामा रहेको पाइन्छ भने अनुकरणात्मक र अनेकार्थक शब्दहरू बढाउनुपर्ने देखिन्छ । उखानटुक्काहरू नगन्य मात्रामा भएकाले यसको सङ्ख्या बढाउनुपर्ने देखिन्छ ।

### ४.३.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा कथा, कविता, जीवनी , निबन्ध/प्रबन्ध, चिठी/निवेदन, संवाद/वादविवाद गरी ६ वटा विधाहरू समावेश भएका छन् । विधा सम्बन्धी नमुना अभ्यासको व्याख्या विश्लेषण गर्नुपर्दा नमुना अभ्यासलाई विधागत रुपमा बोध, प्रयोग र सिर्जनात्मक गरी तीन आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक प्रश्नहरूलाई निम्नानुसार उदाहरण सहित प्रस्तुत गरिएको छ ।

१. बोधात्मक प्रश्न :

क) मानिसलाई किन सामाजिक प्राणी मानिएको हो ?

ख) मानिस र पशुमा के फरक छ ?

(नेपाली पृ.१९)

२. प्रयोगात्मक प्रश्न :

तलका चिन्ह प्रयोग गरी २/२ वटा वाक्य बनाउ ।

पूर्णविराम चिन्ह ।

प्रश्नवाचक चिन्ह ?

अल्पविराम चिन्ह ,

(नेपाली पृ. ३१)

३. सिर्जनात्मक प्रश्न :

क) खामको ढाँचा तयार पार । (नेपाली पृ. ६१)

ख) तिमीले जानेबुझेको कुनै कथा लेखी शिक्षकलाई देखाऊ । (नेपाली पृ. ११२)

तालिका नं. ६ : विधासम्बन्धी अभ्यासको प्रस्तुतीगत विवरण

| क.स | विधा | विधा सं | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | ६ | ८१ | ७१ | ८ | १६० | २९.९६ |
| २ | कविता | ३ | २५ | ४२ | ७ | ७४ | १३.८६ |
| ३ | निबन्ध,प्रबन्ध | ४ | ५५ | ६० | ६ | १२१ | २२.६५ |
| ४ | जीवनी | ३ | ३५ | ४४ | ६ | ८५ | १५.९१ |
| ५ | चिठी/निवेदन | २ | १५ | २२ | ३ | ४० | ७.४९ |
| ६ | संवाद,वादविवाद | २ | २९ | २० | ५ | ५४ | १०.११ |
| | जम्मा | २० | २४० | २५९ | ३५ | ५३४ | |
| | प्रतिशत | | ५८.१० | ३४.९८ | ६.९१ | | १०० |

माथिको तालिका अनुसार कक्षा ६को 'नेपाली' मा जम्मा २० वटा पाठ रहेका छन् । कथा विधामा ६ वटा पाठहरु रहेका छन् , जसमा बोध अन्तर्गत ८१ वटा, प्रयोग अन्तर्गत ७१ र सिर्जनात्मक ८ गरी कथा विधामा जम्मा १६० वटा प्रश्नहरु रहेका छन् । यो कुल सङ्ख्याको २९.९६ प्रतिशत हो ।

कविता विधा अन्तर्गत ३ वटा पाठहरु रहेका छन् । जसमा बोधअन्तर्गत २५ वटा प्रश्न, प्रयोगात्मक अन्तर्गत ४२ र सिर्जनात्मक अन्तर्गत ७ वटा गरी जम्मा ७४ वटा प्रश्न रहेका छन् । यो कुल सङ्ख्याको १३.८५ प्रतिशत हुन आँउछ ।

निवन्ध, प्रबन्ध विधाअन्तर्गत रहेर तथ्याङ्कको विश्लेषण गर्दा जम्मा ४वटा पाठहरु रहेका छन् । प्रवन्ध विधामा बोधसम्बन्धी ५५ वटा, प्रयोगात्मक ६० वटा र

सिर्जनात्मक ६ गरी जम्मा १२१ वटा प्रश्नहरु समावेश भएका छन् । यो कुल सङ्ख्याको २२.६५ प्रतिशत हुन्छ ।

जीवनी विधा अन्तर्गत ३ वटा पाठहरु रहेका छन् भने यसमा बोधसम्बन्धी ३५ वटा, प्रयोगसम्बन्धी ४४ र सिर्जनात्मक ६ गरी जम्मा ८५ अर्थात कुल सङ्ख्याको १५.९१ प्रतिशत प्रश्न समावेश भएका छन् ।

चिठी/निवेदन अन्तर्गत एउटा चिठी र एउटा निवेदन गरी जम्मा २ वटा पाठहरु रहेका छन् । जसमा बोधसम्बन्धी १५, प्रयोगसम्बन्धी २२ र सिर्जनात्मक ३ गरी जम्मा ४० वटा नमुना अभ्यास रहेका छन् । यो कुल सङ्ख्याको ७.४९ प्रतिशत हुन आँउछ ।

वादविवाद/संवाद विधाअन्तर्गत तथ्याङ्कको विष्लेशण गर्दा एउटा वादविवाद र एउटा संवाद गरी दुइवटा पाठहरु समावेश गरिएको छ भने यस पाठ्यपुस्तकमा बोधसम्बन्धी २९ वटा प्रश्न, प्रयोगात्मक २० वटा र सिर्जनात्मक ५ वटा गरी जम्मा ५४ वटा अर्थात कुल प्रश्न सङ्ख्याको १०.११ प्रतिशत नमुना अभ्यास समावेश भएका छन् ।

माथिको तालिकाअनुसार सबै विधाहरुलाई बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक गरी तीन तहमा वर्गीकरण गरी विश्लेषण गर्दा बोधसम्बन्धी २४० अर्थात् कूल प्रश्न सङ्ख्याको ४४.९४ प्रतिशत प्रश्नहरु समावेश भएका छन् । प्रयोगसम्बन्धी प्रश्नको विश्लेषण गर्दा २५९ वटा प्रश्न अर्थात् कुल प्रश्न स समावेश भएका छन् । प्रयोगसम्बन्धी प्रश्नको विश्लेषण गर्दा २५९ वटा प्रश्न अर्थात् कुल प्रश्न सङ्ख्याको ४८.५० प्रतिशत प्रश्नहरु समावेश गरिएका छन् । त्यस्तै सिर्जनात्मक प्रश्न ३५ वटा अर्थाृत् कूल प्रश्नको ६.५५ प्रतिशत प्रश्न रहेका छन् ।

तालिकाअनुसार सबैभन्दा बढी प्रयोगसम्बन्धी र क्रमशः बोधात्मक अनि सिर्जनात्मक क्षमता बढाउने खालका प्रश्नहरु न्युन मात्रामा रहेका छन् । त्यसैले सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने खालका प्रश्नहरु बढाउनु पर्ने देखिन्छ ।

**४.३.३ व्याकरणसम्बन्धी अभ्यासको व्याख्या विश्लेषण**

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश भएका व्याकरणात्मक अभ्यासलाई परिचयात्मक, प्रधारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी ४ आधारमा वर्गीकरण गरिएको छ । पदसङ्गति, वर्णविन्यास, काल, भाव, पक्ष, शब्दवर्ग, कारक/विभक्ति, लेख्यचिन्ह र शब्दभण्डार आदि शीर्षकका आधारमा विश्लेषण गरिएको छ । जस्तैः

१. पदसङ्गति : सच्याएर कापिमा सार । (नेपाली पृ. १४६)

क) उनी खेल हेर्छ । ख) तँ आफ्नो काम गर्छौ ।

२. वर्णविन्यास : हिज्जे सच्याएर कापिमा सार । (नेपाली पृ ४३)

वाटो, हागा, सरप, वगी,

३. कालः वर्तमान कालका वाक्यलाई भूतकालमा बदल । (नेपाली पृ. ६४)

क) आमाको स्वास्थ्य राम्रो छ । ख) तिमी जलाशय जान्छौ ।

४. भाव : बचन बदली वाक्य परिवर्तन गर ।

क) मित्रहरू सुन्दर थिए । ख) कालीगड मुर्ती बनाउँछ ।

५. शब्दवर्ग : 'युक्ति सामु शक्ति टिक्दैन' पाठबाट ५ वटा सर्वनाम शब्द टिप ।

(नेपाली पृ. १४)

६. कारक ⁄विभक्ति : दिइएका सर्वनाम शब्द र विभक्ति चिन्हलाई मिलाएर वाक्यमा प्रयोग गर ।

म(रो), यो(को , आफू(ना), म(ले)

७. लेख्य चिन्ह : तलका चिन्ह प्रयोग गरी वाक्य बनाऊ । (नेपाली पृ. ३१)

पूर्णविराम, उद्गार, अल्पविराम

८. शब्दभण्डार : तलका शब्दहरूको उस्तै अर्थ दिने शब्द लेख । ( नेपाली पृ.१०८)

९ . पक्ष : तलका वाक्यलाई पूर्ण भूतकालमा बदल । (नेपाली पृ.१३८)

क) कक्षा शिक्षकले शैक्षिक भ्रमणमा जाने वचन दिनुभएको छ ।

ख) हामीले शैक्षिक भ्रमणबाट धेरै कुरा जानेका छौँ ।

व्याकरण सम्बन्धी अभ्यासलाई निम्नानुसार तालिकावद्ध गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

तालिका नं.७ : व्याकरणसम्बन्धी अभ्यासका विवरण

| क.स. | व्याकरण शीर्षक | परिचयात्मक | प्रधारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | पदसङ्गति | | | १ | १ | २ | ०.८४ |
| २. | वर्णविन्यास | १ | ११ | ७० | ५ | ८७ | ३६.७० |
| ३. | काल | १ | २ | ५ | १ | ९ | ३.७९ |
| ४. | पक्ष | १ | १ | १२ | २ | १६ | ६.७५ |
| ५. | अर्थ/भाव | | ९ | ८ | | १७ | ७.१७ |
| ६. | वाक्यपरिवर्तन | | ६ | ७ | | १३ | ५.४८ |
| ७. | क्रियापद | | ४ | ११ | २ | १७ | ७.१७ |
| ८. | शव्दवर्ग | | १ | १० | १० | २१ | ८.८६ |
| ९. | कारक/विभक्ति | | | १ | ३ | ४ | १.६८ |
| १०. | लेख्यचिन्ह | | | ४ | १ | ५ | २.१० |
| ११. | शव्दभण्डार | | ३० | १५ | १ | ४६ | १९.४१ |
| | जम्मा | ३ | ६४ | १४४ | २६ | २३७ | |
| | प्रतिशत | १.२६ | २७ | ६०.७५ | १०.९७ | | १०० |

प्रस्तुत तालिकामा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा रहेका व्याकरणसँग सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा पदसङ्गतिसँग सम्बधित अभ्यास जम्मा २ ओटा अर्थात् ०.८४ प्रतिशत, वर्णविन्यासतर्फ जम्मा ८७ ओटा अर्थात ३६.७० प्रतिशत कालसँग सम्बन्धित अभ्यासलाई हेर्दा जम्मा ९ ओटा अर्थात् ३.७९ प्रतिशत, पक्षसँग सम्बन्धित जम्मा १६ ओटा अर्थात् ६.७५ प्रतिशत, अर्थ/भावसँग सम्बन्धित जम्मा १७ ओटा अर्थात् ७.१७ प्रतिशत, वाक्यपरिवर्तनसँग सम्बन्धित १३ ओटा अर्थात् ५.४८ प्रतिशत, क्रियापदसँग सम्बन्धित जम्मा १७ ओटा अर्थात् ७.१७ प्रतिशत, शव्दवर्गसँग सम्बन्धित जम्मा २१ ओटा अर्थात ८.८६ प्रतिशत, कारक/विभक्तिसँग सम्बन्धित जम्मा ४ ओटा अर्थात् १.६८प्रतिशत, लेख्य चिन्हसँग सम्बन्धित ५ ओटा अर्थात् २.१० प्रतिशत, शव्दभण्डारसँग सम्बन्धित जम्मा

४६ओटा अर्थात १९.४१ प्रतिशत अभ्यासहरु समाविष्ट रहेको तथ्य प्रस्तुत तालिकाको विश्लेषणबाट प्रष्ट भएको छ ।

व्याकरण अन्तर्गतका शीर्षकहरुमध्ये सबैभन्दा बढी वर्णविन्याससँग सम्बन्धित अभ्यास रहेको पाइन्छ भने सबैभन्दा कम अभ्यास पदसङ्गतिसँग सम्बन्धित अभ्यास रहेको पाइन्छ । यसबाट कक्षा ६ को नेपाली भाषा शिक्षणमा वर्णविन्याससँग सम्बन्धित अभ्यासहरु बढी समावेश गरिएको पाइन्छ । व्याकरण सम्बन्धी थप प्रश्नहरू पनि समानुपातिक ढङ्गले विस्तार गर्दा पाठ्यपुस्तक अझ परिष्कृत हुने देखिन्छ ।

### ४.३.४ भाषिक सीपसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासलाई भाषिक सिप अन्तर्गत रहेर विश्लेषण गर्दा कथा, कविता, प्रबन्ध, जीवनी, वादविवाद, संवाद र चिठी/निवेदन गरी ६ वटा विधालाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ । भाषिक सिपलाई सुनाइ, बोलाइ, पढाइ, लेखाइ, पढाइ+लेखाइ, सुनाइ+लेखाइ, बोलाइ+लेखाइ र सुनाइ+लेखाइ का आधारमा उदाहरण सहित तालिकीकरण गरी निम्नानुसार विश्लेषण गरीएको छ ।

१. बोलाइ सिप : तलका प्रश्नको एक वाक्यमा उत्तर भन । (नेपाली पृ १९)

क) कस्तो भावनालाई परोपकार भनिन्छ ?

ख) हामी के बाट आत्मनिर्भर बन्न सक्छौँ ?

२. पढाइ सिप : 'युधिष्ठिरको परीक्षा' कथा पालैपालो पढेर कक्षामा सुनाऊ ।

(नेपाली पृ . ९२)

३. लेखाइ : शुद्ध पारेर सार ।  (नेपाली पृ. १०९)

– वर्सा, छेती, पर्किति, छेतरफल, सन्तुलीत, उन्नती

४. पढाइ+लेखाइ : शिक्षकको सहयोगमा नेपालको कुनै एक विभूतिको जीवनी लेखी कक्षामा सुनाऊ ।  (नेपाली पृ. ११८ )

५. सुनाइ+लेखाइ : कलाको महत्त्व पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

६. बोलाइ+लेखाइ : "सन्तानलाई सम्पति र शिक्षा दुवै आवश्यक हुन सक्छन् " भन्ने बारेमा मन्तव्य लेखी सुनाऊ ।  (नेपाली पृ ७८)

७. सुनाइ+बोलाइ : 'स्वभिमानी मुख कविता शिक्षकले वाचन गरेको सुन र तयस्तै लयमा वाचन गर ।

तलिका नं. ८ भाषिक सीपसम्बन्धी अभ्यासको विवरण

| क.स | भाषिक विधा | बोलाइ | पढाइ. | लेखाइ | प.ले. | सु.ले. | बो.ले. | सुबो. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | ५१ | १५ | १५० | १९ | ५ | | १ | २४१ | ३२.०४ |
| २ | कविता | १९ | १ | ५५ | १३ | | १ | ३ | ९२ | १२.२३ |
| ३ | प्रबन्ध | ४३ | ७ | ८० | ३३ | ३ | २ | | १६८ | २२.३४ |
| ४ | जीवनी | १७ | १२ | ५५ | २६ | १ | २ | | ११३ | १५.०२ |
| ५ | वादविवाद/संवाद | १६ | ४ | ३१ | ५ | | १ | | ६७ | ८.९० |
| ६ | चिठी/निवेदन | ९ | ४ | ४५ | १२ | १ | | | ७१ | ९.४४ |
| जम्मा | | १५५ | ४३ | ४१६ | ११८ | १० | ६ | ४ | ७५२ | |
| प्रतिशत | | २०.६१ | ५.७१ | ५५.३१ | १५.६९ | १.३३ | ०.७९ | ०.५३ | | १०० |

प्रस्तुत तालिकाअनुसार कथा, कविता, प्रवन्ध, जीवनी , वादविवाद संवाद र चिठी निवेदन जस्ता विधामा भाषिक सीपको विकास गराउन जम्मा ७५२ वटा प्रश्नहरु समावेश भएका छन । जसमा कथा विधाअ्न्तर्गत  बोलाइसम्बन्धी ५१ वटा, पढाइसम्बन्धी १५ वटा, लेखाइसम्बन्धी १५० वटा, पढाइ र लेखाइको संयुल्क विकास गर्ने खालका १९ वटा, सुनाइ र लेखाइको संयुक्त विकास गर्ने खालका ५ वटा, सुनाइ र बोलाइसम्बन्धी १ गरी जम्मा २४१ वटा अर्थात कूल संङख्याको ३२.०४ प्रतिशत प्रश्नहरु कथा विधामा समावेश भएका छन् ।

कविता विधाअन्तर्गत रहेर भाषिक सीपसम्बन्धी प्रश्नको विश्लेषण गर्दा बोलाइसम्बन्धी १९ वटा, पढाइसम्बन्धी १ वटा, लेखाइसम्बन्धी ५५ वटा, पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका १३ वटा, बोलाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  १ वटा, सुनाइ र बोलाइसम्बन्धी ३ गरी जम्मा ९२ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको १२.२३ प्रतिशत प्रश्नहरु कविता विधाअन्तर्गत समावेश गरिएका छन् ।

प्रवन्ध विधाअन्तर्गत रहेर भाषिक सीपसम्बन्धी प्रश्नको विश्लेषण गर्दा बोलाइसम्बन्धी ४३ वटा, पढाइसम्बन्धी ७ वटा प्रश्न, लेखाइसम्बन्धी ८० वटा प्रश्न, , पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका ३३ वटा, सुनाइ र लेखाइसम्बन्धी ३ वटा,

बोलाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  २ वटा,  गरी जम्मा १६८ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको २२.३४ प्रतिशत प्रश्नहरु प्रवन्ध विधाअन्तर्गत समावेश गरिएका छन् ।

प्रवन्ध विधाअन्तर्गत रहेर भाषिक सीपसम्बन्धी प्रश्नको विश्लेषण गर्दा बोलाइसम्बन्धी ४३ वटा, पढाइसम्बन्धी ७ वटा प्रश्न, लेखाइसम्बन्धी ८० वटा प्रश्न, , पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका ३३ वटा, सुनाइ र लेखाइसम्बन्धी ३ वटा, बोलाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  २ वटा,  गरी जम्मा १६८ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको २२.३४ प्रतिशत प्रश्नहरु प्रवन्ध विधाअन्तर्गत समावेश गरिएका छन् ।

जीवनी विधाअन्तर्गत रहेर भाषिक सीपसम्बन्धी प्रश्नको विश्लेषण गर्दा बोलाइसम्बन्धी १७ वटा, पढाइसम्बन्धी १२ वटा प्रश्न, लेखाइसम्बन्धी ५५ वटा प्रश्न, , पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका २६ वटा, सुनाइ र लेखाइसम्बन्धी १ वटा, बोलाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  २ वटा,  गरी जम्मा ११३ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको १५.०२ प्रतिशत प्रश्नहरु जीवनी विधाअन्तर्गत अभ्यास समावेश गरिएका छन् ।

वादविवाद,संवाद विधाअन्तर्गत रहेर भाषिक सीपसम्बन्धी प्रश्नको विश्लेषण गर्दा बोलाइसम्बन्धी १६ वटा, पढाइसम्बन्धी ४ वटा प्रश्न, लेखाइसम्बन्धी ३१ वटा प्रश्न, , पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका १५ वटा, बोलाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  १ वटा गरी जम्मा ६७ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको ८.९० प्रतिशत प्रश्नहरु वादविवाद,संवाद विधाअन्तर्गत अभ्यास समावेश गरिएका छन् ।

चिठी, निवेदन विधाअन्तर्गत रहेर भाषिक सीपसम्बन्धी प्रश्नको विश्लेषण गर्दा बोलाइसम्बन्धी ९ वटा, पढाइसम्बन्धी ४ वटा प्रश्न, लेखाइसम्बन्धी ४५ वटा प्रश्न, , पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका १२ वटा, सुनाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  १ वटा गरी जम्मा ७१ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको ९.४४ प्रतिशत प्रश्नहरु वादविवाद,संवाद विधाअन्तर्गत अभ्यासमा समावेश गरिएका छन् ।

समग्रमा भाषिक सीपसम्बन्धी सम्पूर्ण विधालाई समेटी अध्ययन गर्दा नेपाली पाठ्यपुस्तकमा बोलाइ सीपको विकासका लागि १५५ वटा प्रश्न अर्थात् कूल प्रश्न सगर्दा नेपाली पाठ्यपुस्तकमा बोलाइ सीपको विकासका लागि १५५ वटा प्रश्न अर्थात् कूल प्रश्न

सङख्याको २०.६१ प्रतिशत प्रश्नहरु समावेश गरिएका छन् ।पढाइ सीपको विकासका लागि ४३ वटा प्रश्न अर्थात् कूल प्रश्न अर्थात् कूल प्रश्न सङख्याको ५.७१ प्रतिशत प्रश्नहरु समावेश गरिएको पाइन्छ । त्यस्तै गरी लेखाइ सीपको विकासका लागि ४१६ वटा प्रश्न पढाइ र लेखाइको संयुक्त विकास गर्ने खालका ११८ वटा अर्थात् कूल सङ
ख्याको १५.६९ प्रतिशत प्रश्नहरु समावेश छन् । सुनाइ र लेखाइसम्बन्धी १० वटा मात्र अर्थात् कूल प्रअर्थात् कूल प्रश्नसङख्याको १.३३ प्रतिशत प्रश्नहरु राखिएका छन् । बोलाइ र लेखाइको संयुक्त विकास गर्ने खालका  ६ वटा प्रश्न अर्थात्  कूल प्रश्न सङख्याको ०.७९प्रतिशत प्रश्नहरु अभ्यासमा समावेश गरिएका छन् । त्यसैगरी सुनाइ र बोलाइ सीपको संयुक्त विकास गर्ने खालका प्रश्नहरु सबैभन्दा न्युन अर्थात ्४ वटा वा कूल सङख्याको ०.५३ प्रतिशत प्रश्नहरु समावेश गरिएको पाइन्छ ।

मथिको तथ्याङ्कलाई समग्रमा विश्लेषण गर्दा नेपाली पाठ्यपुस्तकमा लेखाइ सीपको विकास गराउने अभ्यासात्मक प्रश्नहरु अधिक मात्रामा रहेको देखिन्छ । सुनाइ सीपको विकासका लागि अभ्यासहरु समावेश गरिएको पाइदैन । बोलाइ सीपका लागि पनि प्रश्नहरु उल्लेख्य मात्रामा रहेको पाइन्छ भने पढाइ सीपको विकास गराउने अभ्यासहरु न्युन मात्रामा रहेका छन् । यसलाई थप जोड दिए राम्रो हुने देखिन्छ । भाषिक सीपको विकास गराउन एउटा नमुना प्रश्नले एउटा मात्र भाषिक सीप भन्दा पनि संयुक्त सीप विकास गराउने खालका प्रश्नहरुको विस्तार गर्दा सिकारुको क्षमता वृद्धि गर्न थप सहयोग पुग्ने देखिन्छ ।

## ४.४ कक्षा ६ को ‘हाम्रो नेपाली किताब’ र ‘नेपाली’ मा समाविष्ट  नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन

यस अध्ययनमा दुई समानान्तर पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुलाई नै तथ्याङ्कको मूल स्रोत मानी सङ्कलन गरिएका तथ्याङ्कका आधारमा विश्लेषण र तुलना गरी यो अध्ययन गरिएको छ । यस अध्ययनमा तुलना गर्ने क्रममा ‘हाम्रो नेपाली किताब’ लाई पहिलो पक्ष र ‘नेपाली’ लाई दोस्रो पक्ष मानिएको छ ।

## ४.३.१ शव्दार्थको तुलनात्मक अध्ययन

तालिका नं. ९: शव्दार्थको तुलनात्मक विवरण

| क्र.स. | शव्दको किसिम | हाम्रो नेपाली किताब | | नेपाली | |
|---|---|---|---|---|---|
| | | शव्दसंख्या | प्रतिशत | शव्दसंख्या | प्रतिशत |
| १. | पारिभाषिक/प्राविधिक | १६९ | ४८.७० | १४९ | ४६.५६ |
| २. | पर्यायवाची | १६७ | ४८.१३ | १६२ | ५०.६५ |
| ३. | अनुकरणात्मक | ३ | ०.८६ | ७ | - |
| ४. | विपरीतार्थक | ३ | ०.८६ | - | - |
| ५. | उखानटुक्का | ५ | १.४४ | - | - |
| ६. | अनेकार्थक | | | २ | ०.६३ |
| | | ३४७ | १०० | ३२० | १०० |

माथिको तालिकामा कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'नेपाली' भित्र समावेश गरिएका कठिन शव्दार्थको तुलनात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ। उल्लेखित तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताब' मा पारिभाषिक/प्राविधिक शव्द सङ्ख्या १६९ वटा अर्थात ४८.७०% रहेको छ भने 'नेपाली' भित्र १४९ अर्थात ४६.५६% रहेका छन्। यस आधारमा हेर्दा हाम्रो नेपाली किताबमा पारिभाषिक/प्राविधिक शव्दहरु बढी रहेका छन्।

त्यस्तै गरी हाम्रो नेपाली किताबमा पर्यायवाची शव्दसङ्ख्या १६७ अर्थात ४८.१३% छन् भने नेपालीमा १६२ अर्थात ५०.६५% रहेका छन्। यस आधारमा तुलना गर्दा हाम्रो नेपाली किताबमा पर्यायवाची शव्दसङ्ख्या नेपालीमा भन्दा बढी रहेका छन्।

हाम्रो नेपाली किताबमा अनुकरणात्मक शव्दसङ्ख्या ३ अर्थात ०.८६% छन् भने नेपालीमा ७ अर्थात २.१९% रहेका छन्। हाम्रो नेपाली किताबमा भन्दा नेपाली मा अनुकरणात्मक शव्दहरु बढी रहेका छन्।

हाम्रो नेपाली किताब मा विपरीतार्थक शव्दसङ्ख्या ३ अर्थात ०.८६% रहेका छन् भने नेपाली मा विपरीतार्थक शव्दहरु रहेको पाइँदैन।

उखानटुक्काको अवस्थालाई विश्लेषण गर्दा 'हाम्रो नेपाली किताब' मा ५ वटा शव्दसङ्ख्यामा उखान टुक्का रहेका छन् भने 'नेपाली' पाठ्यपुस्तकमा यस्ता शव्दले स्थान पाएको देखिँदैन ।

'हाम्रो नेपाली किताब' मा अनेकार्थक शव्दलाई शव्दार्थ अन्तर्गत राखिएको पाइदैन भने 'नेपाली' मा २ अर्थात ०.६३% शव्दहरु रहेको पाइन्छ ।

'हाम्रो नेपाली किताब' र 'नेपाली' भित्र समावेश भएका शव्दार्थसम्बन्धी विवरणलाई तुलना गर्दा परिमार्जित नेपालीमा शव्दार्थ विवरणमा शव्दसङ्ख्या कम भएतापनि 'हाम्रो नेपाली किताब' भन्दा केही परिस्कृत देखिन्छ । अनुकरणात्मक शव्दहरुको सङ्ख्या बढी रहेको पाइन्छ भने 'हाम्रो नेपाली किताब' मा समावेश नभएका अनेकार्थक शव्द नेपालीमा समावेश भएका छन् ।

### ४.३.२ विधासम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

तलिका नं. १० : विधासम्बन्धी अभ्यासको तुलनात्मक विवरण

| क.स | विधा | अभ्यासका तहगत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 'हाम्रो नेपाली किताब' | | | | | 'नेपाली' | | | | |
| | | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत |
| १ | कथा | ६८ | ४३ | ४ | ११५ | २४.८३ | ८१ | ७१ | ८ | १६० | २९.९६ |
| २ | कविता | ५८ | २९ | ११ | ९८ | २१.१६ | २५ | ४२ | ७ | ७४ | १३.८५ |
| ३ | प्रबन्ध | ६६ | ३० | ५ | १०१ | २१.८१ | ५५ | ६० | ६ | १२१ | २२.६५ |
| ४ | जीवनी | ४१ | ३७ | ४ | ८२ | १७.७१ | ३५ | ४४ | ६ | ८५ | १५.९१ |
| ५ | संवाद/ वादविवाद | १० | १४ | ६ | ३० | ६.४७ | २९ | २० | ५ | ५४ | १०.११ |
| ६ | चिट्ठी/ निवेदन | २६ | ९ | २ | ३७ | ७.९९ | १५ | २२ | ३ | ४० | ७.४९ |
| | जम्मा | २६९ | १६२ | ३२ | ४६३ | | २४० | २५९ | ३५ | ५३४ | |
| | प्रतिशत | ५८.१० | ३४.९८ | ६.९१ | | १०० | ४४.९४ | ४८.५० | ६.५५ | | १०० |

माथि उल्लिखित तालिकामा 'हाम्रो नेपाली किताब' र 'नेपाली' मा समावेश भएका विधाहरुमा भएका नमुना अभ्यासहरुको तुलनात्मक तथ्याङ्क उल्लेख गरिएको छ। यस तालिका अनुसार ३ वटा तहगत आधार बोध, प्रयोग र सिर्जनाका आधारमा नमुना अभ्यासहरुलाई वर्गीकरण गरिएको छ। कण्ठस्थ गर्ने खालका अभ्यासहरु पाठ्यपुस्तकमा समावेश नभएका कारण यहाँ यसलाई समावेश गरिएको छैन। 'हाम्रो नेपाली किताव'मा जम्मा २२ वटा पाठहरु रहेका छन् भने 'नेपाली' मा जम्मा २० वटा मात्र पाठशीर्षक समाविष्ट रहेका छन्।

माथिको तालिका अनुसार 'हाम्रो नेपाली किताव' कथा विधामा वोधसम्बन्धी ६८, प्रयोगसम्बन्धी ४३ र सिर्जनासम्बन्धी ४ गरी जम्मा ११५ अर्थात २४.८३% प्रश्नहरु समावेश छन् भने 'नेपाली' मा बोधसम्बन्धी ८१, प्रयोगसम्बन्धी ७१ र सिर्जनासम्बन्धी ८ गरी जम्मा १६० वटा अर्थात २९.९६% प्रश्नहरु रहेका छन्। यसरी हेर्दा दुवै पाठ्यपुस्तकमा बोध तहका प्रश्नहरु समानुपातिक नै देखिन्छन्। प्रयोगसम्बन्धी प्रश्नको अधिक मात्रामा 'नेपाली' मा रहेका छन् भने सिर्जनात्मक अभ्यास न्युन मात्रामा रहेका छन्।

कविता विधामा 'हाम्रो नेपाली किताव'मा बोधसम्बन्धी ५८,प्रयोगसम्बन्धी २९ र सिर्जनासम्बन्धी ११ गरी जम्मा ९८ अर्थात २१.१६% प्रश्नहरु अभ्यासमा रहेका छन् भने 'नेपाली' मा बोध सम्बन्धी २५, प्रयोगसम्बन्धी ४२ र सिर्जनासम्बन्धी ७ गरी जम्मा ७४ अर्थात कुल सङ्ख्याको १३.८५% प्रश्नहरु समावेश गरिएको छ। यी दुवै पाठ्यपुस्तकको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा भन्दा 'नेपाली' मा नै अभ्यासहरु कम सङ्ख्यामा रहेको पाइन्छ। 'हाम्रो नेपाली किताव' मा बोधसम्बन्धी अभ्यास बढी भएको तर 'नेपाली' मा प्रयोगसम्बन्धी अभ्यासहरु अधिक मात्रामा रहेका छन्।

प्रवन्ध विधाअन्तर्गत 'हाम्रो नेपाली किताव' पाठ्यपुस्तकमा बोधसम्बन्धी ६६, प्रयोगसम्बन्धी ३० र सिर्जनासम्बन्धी ५ गरी जम्मा १०१ अर्थात कुल सङ्ख्याको २१.८१% प्रश्नहरु समावेश भएका छन् 'नेपाली' मा बोधसम्बन्धी ५५, प्रयोगसम्बन्धी  ६० र सिर्जनासम्बन्धी ६ गरी जम्मा १२१ वटा अर्थात २२.६५% प्रश्नहरु रहेका छन्। यस तथ्याङ्कको विश्लेषण गर्दा प्रतिशतमा दुवै पाठ्यपुस्तकका  अभ्यासहरु समानुपातिक रुपमानै देखिएता पनि सङ्ख्यात्मक रुपमा  'नेपाली' मा नै अभ्यासहरु बढी जोड दिएको पाइन्छ। तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताव' मा बोधसम्बन्धी  अभ्यासहरु बढी मात्रामा रहेको पाइन्छ। सिर्जनात्मक अभ्यास दुवैमा समानुपातिक रुपमा रहेका छन्

.जीवनी विधाअन्तर्गत 'हाम्रो नेपाली किताव' मा बोधसम्बन्धी ४१, प्रयोगसम्बन्धी ३७ सिर्जनासम्बन्धी ४ गरी जम्मा ८२ वटा अर्थात १७.७१% प्रश्नहरु रहेका छन् भने नेपालीमा बोधसम्बन्धी ३५, प्रयोगसम्बन्धी ४४ र सिर्जनासम्बन्धी ६ गरी जम्मा ८५ अर्थात १५.९१% प्रश्नहरु समावेश छन् । यस तथ्यको तुलना गर्दा दुवै पाठ्यपुस्तकका अभ्यासहरु समानुपातिक रहे पनि 'हाम्रो नेपाली किताव' ले बोधपक्षलाई बढी र 'नेपाली' ले प्रयोगात्मक प्रश्नलाई बढी जोड दिएको पाइन्छ । सिर्जनात्मक अभ्यास सम्बन्धी अभ्यासहरु विकास गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ ।

संवाद/वादविवाद विधाअन्तर्गत २ वटा मात्र पाठ रहेका छन् । जसमा 'हाम्रो नेपाली किताव' मा बोधअन्तर्गत १०, प्रयोगअन्तर्गत १४ र सिर्जना अन्तर्गत ६ गरी जम्मा ३० वटा अर्थात ६.४७% प्रश्न छन् भने 'नेपाली' मा वोधअन्तर्गत २९, प्रयोगअन्तर्गत २० र सिर्जना अन्तर्गत ५ गरी जम्मा ५४ अर्थात १०.११% प्रश्नहरु समावेश छन् । यो तथ्याङ्कलाई विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा भन्दा 'नेपाली' मा नै बढी अभ्यासहरु रहेका छन् । . चिठी/निवेदन विधाअन्तर्गत २ वटा नै पाठ रहेका छन् । जसमा 'हाम्रो नेपाली किताव'मा बोधअन्तर्गत २६, प्रयोगअन्तर्गत ९ र सिर्जनाअन्तर्गत २ वटा गरी जम्मा ३७ अर्थात ७.९९% प्रश्नहरु रहेका छन् भने 'नेपाली' मा बोधअन्तर्गत १५ प्रयोगअन्तर्गत २२ र सिर्जनाअन्तर्गत ३ गरी जम्मा ४० अर्थात ७.४९% प्रश्नहरु समावेश भएका छन् । यस तथ्याङ्कलाई तुलना गर्दा समानुपातिक रुपमानै दुवै पाठ्यपुस्तकमा प्रश्न रहेको देखिन्छ । सिर्जनात्मक क्षमता विकास गर्ने प्रश्नमा विशेष जोड दिँदा अझ राम्रो हुने देखिन्छ । 'हाम्रो नेपाली किताव' मा भएका नमुना अभ्यासको अध्ययन गरी सम्पुर्ण विधालाई एकैपटक विश्लेषण गर्दा बोधसम्बन्धी २६९ अर्थात कुल सङ्ख्याको ५८.१०% प्रश्न, प्रयोगअन्तर्गत १६९ अर्थात ३४.९८% प्रश्न र सिर्जनाअन्तर्गत ३२ अर्थात ६.९१% प्रश्नहरु नमुना अभ्यासका रुपमा रहेका छन् ।

हाम्रो नेपाली मा बोध सम्बन्धी नमुना अभ्यासहरु बढी रहेका र प्रयोगात्मक र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने प्रश्नहरु न्यून मात्रामा रहेको पाइन्छ भने नेपालीमा प्रयोगात्मक तहका व्याकारण सम्बन्धी प्रश्नहरू बढी रहेका छन् । हाम्रो नेपालीमा भन्दा नेपालीमा व्याकरण सम्बन्धी प्रश्नहरू बढी रहेका देखिन्छन् । त्यसैले सबै तहका प्रश्नहरूको समानुपातिक रुपले वितरण गर्न सके अझ प्रभावकारी हुने देखिन्छ ।

### ४.३.३ **व्याकरणसम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन**

तालिका नं. ११: व्याकरण सम्बन्धी अभ्यासको तुलना

| क्र. स. | व्याकरण शीर्षक | 'हाम्रो नेपाली किताब' | | | | | | 'नेपाली' | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
| १ | पदसङ्गति | ५ | ७ | ८ | ४ | २४ | १४.६३ | - | - | १ | १ | २ | ०.८४ |
| २ | वर्ण विन्यास | १ | ३ | १ | १ | ६ | ३.६५ | १ | ११ | ७० | ५ | ८७ | ३७.७० |
| ३ | काल | ३ | ६ | ४ | ४ | १७ | १०.३६ | १ | २ | ५ | १ | ९ | ३.७९ |
| ४ | पक्ष | २ | ४ | ६ | ३ | १५ | ९.१४ | १ | १ | १२ | २ | १६ | ६.७५ |
| ५ | अर्थ/भाव | - | - | - | ३ | ३ | १.८२ | - | ९ | ८ | - | १७ | ७.१७ |
| ६ | वाक्यपरिवर्तन | १ | ३ | २ | ३ | ९ | ५.४८ | - | ६ | ७ | - | १३ | ५.४८ |
| ७ | क्रियापद | १ | ३ | २ | ७ | १३ | ७.९३ | - | ४ | ११ | २ | १७ | ७.१७ |
| ८ | शव्दवर्ग | ३ | ३ | ६ | २ | १४ | ८.५३ | - | १ | १० | १० | २१ | ८.८६ |
| ९ | कारक/विभक्ति | १ | ४ | २ | १ | ८ | ४.८७ | - | - | १ | ३ | ४ | १.६८ |
| १० | लेख्यचिन्ह | १ | ४ | २ | ५ | १२ | ७.३२ | - | - | ४ | १ | ५ | २.१० |
| ११ | शब्दभण्डार | ३ | ३ | ७ | ३० | ४३ | २६.२२ | - | ३० | १५ | १ | ४६ | १९४१ |
| जम्मा | | २१ | ४० | ४० | ६३ | १६४ | | ३ | ६४ | १४४ | २६ | २३७ | |
| प्रतिशत | | १२.८० | २४.३९ | २४.३९ | ३८.४१ | | १०० | १.२६ | २७ | ६०.७६ | १०.९७ | | १०० |

माथिको तालिकामा कक्षा ६ 'हाम्रो नेपाली किताव' र 'नेपाली' भित्र समावेश भएका व्याकरण पक्षको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसका लागि परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी जम्मा चारवटा आधारमा व्याकरणको फरक फरक शीर्षक राखी शीर्षकअनुसारको प्रतिशताङ्क पनि प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताव' मा पदसङ्गति अन्तर्गत परिचयात्मक ५, धारणात्मक ७, प्रयोगात्मक ८ र पहिचानात्मक ४ गरी जम्मा २४ वटा अर्थात १४.६३% प्रश्नहरु रहेका छन् भने 'नेपाली' भित्र प्रयोगात्मक १ र पहिचानात्मक १ गरी जम्मा २ वटा प्रश्न अर्थात ०.८४% रहेका छन् । यस आधारमा हेर्दा 'हाम्रो नेपाली किताव'मा भन्दा 'नेपाली' मा पदसङ्गति सम्बन्धी प्रश्नहरु कम रहेका छन् ।

वर्णविन्यास अन्तर्गत 'हाम्रो नेपाली किताव' मा परिचयात्मक १, धारणात्मक ३, प्रयोगात्मक १ र पहिचानात्मक १ गरी जम्मा ६ वटा अर्थात ३.६५% प्रश्नहरु समावेश छन् भने 'नेपाली' मा परिचयात्मक १, धारणात्मक १, प्रयोगात्मक ७० र पहिचानात्मक ५ गरी जम्मा ८७ अर्थात ३७.७०% प्रश्नहरु रहेका छन् । नेपालीमा वर्णविन्यास सम्बन्धी प्रश्न बढी छन् र वर्णविन्यासको विकासमा बढी नै जोड दिएको छ ।

कालसम्बन्धी प्रश्नको विश्लेशण गर्दा 'हाम्रो नेपाली किताव' मा परिचयात्मक ३, धारणात्मक ६, प्रयोगात्मक ४ र पहिचानात्मक ४ गरी जम्मा १७ वटा अर्थात १०.३६% प्रश्नहरु रहेका छन् भने 'नेपाली' मा परिचयात्मक १, धारणात्मक २, प्रयोगात्मक ५ र पहिचानात्मक १ गरी जम्मा ९ अर्थात ३.७९% प्रश्नहरु रहेका छन् । यसलाई विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा 'नेपाली' मा भन्दा बढी कालसम्बन्धी प्रश्नहरु रहेको पाइन्छ ।

पक्ष अन्तर्गत रहेर तथ्याङ्कको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' परिचयात्मक २, धारणात्मक ४, प्रयोगात्मक ६ र पहिचानात्मक ३ गरी जम्मा १५ वटा अर्थात ९.१४% प्रश्नहरु रहेका छन् भने 'नेपाली' मा परिचयात्मक १, धारणात्मक १, प्रयोगात्मक १२ र पहिचानात्मक २ गरी जम्मा १६ अर्थात ६.७५% प्रश्नहरु रहेका छन् । यस आधारमा तुलना गर्दा 'हाम्रो नेपाली किताव' मा 'नेपाली' मा भन्दा प्रश्न सङ्ख्या कम भएता पनि प्रतिशत चाँहि 'हाम्रो नेपाली किताव' मा नै बढी छ ।

अर्थ/भावसम्बन्धी व्याकरणात्मक पक्षको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा परिचयात्मक पहिचानात्मक ३ वटा प्रश्न वा १.८२% प्रश्न समावेश छन् भने 'नेपाली' मा धारणात्मक ९, प्रयोगात्मक ८ गरी जम्मा १७ अर्थात ७.१७% प्रश्नहरु समावेश छन् । यसलाई तुलना गर्दा 'हाम्रो नेपाली किताव' मा पहिचानात्मक प्रश्न मात्र रहेको अन्य पक्षलाई बेवास्ता गरेको देखिन्छ ।

वाक्यपरिवर्तन अन्तर्गत रहेर व्याकरण पक्षको विश्लेशण गर्दा 'हाम्रो नेपाली किताव' मा परिचयात्मक १, धारणात्मक ३, प्रयोगात्मक २, पहिचानात्मक ३ गरी जम्मा ९ वटा प्रश्न समावेश छन् भने 'नेपाली' मा धारणात्मक ६ र प्रयोगात्मक ७ गरी जम्मा १३ अर्थात ५.४८% प्रश्नहरु समावेश छन् । यस तथ्याङ्कको विश्लेषण गर्दा 'नेपाली' मा प्रश्नसङ्ख्या बढी भएता पनि बरावरी प्रतिशतमा अभ्यास रहेको पाइन्छ ।

क्रियापदसम्बन्धी पक्षको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा परिचयात्मक १, धारणात्मक ३, प्रयोगात्मक २ र पहिचानात्मक ७ गरी जम्मा १३ अर्थात ७.९३% प्रश्नहरु

समावेश छन् भने 'नेपाली' मा धारणात्मक ४, प्रयोगात्मक ११ र पहिचानात्मक २ गरी जम्मा १७ अर्थात ७.१७% प्रश्नहरु रहेका छन् । यसलाई तुलना गर्दा क्रियापदसम्बन्धी प्रश्नहरु 'हाम्रो नेपाली किताव' भन्दा 'नेपाली' मा नै बढी मात्रामा समावेश गरेको पाइन्छ ।

शव्दवर्ग सम्बन्धी प्रश्नहरुको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा परिचयात्मक ३, धारणात्मक ३, प्रयोगात्मक ६ र पहिचानात्मक २ गरी जम्मा १४ अर्थात ८.५३% प्रश्नहरु समावेश छन् भने 'नेपाली'मा धारणात्मक १, प्रयोगात्मक १०, पहिचानात्मक १० गरी जम्मा २१ वटा अर्थात ८.८६% प्रश्नहरु रहेका छन् । माथिको तथ्यलाई तुलना गर्दा 'हाम्रो नेपाली किताव' मा भन्दा 'नेपाली' मा शव्दवर्गसँग सम्बन्धित प्रश्नहरु बढी सङ्ख्यामा छन् तर यी दुवै पाठ्यपुस्तकमा कुल सङ्ख्याको बरावरी प्रतिशतमा प्रश्नहरु छन् ।

कारक/विभक्तिसम्बन्धी प्रश्नको अध्ययन गर्दा परिचयात्मक १, धारणात्मक ४, प्रयोगात्मक २ र पहिचानात्मक १ गरी जम्मा ८ वटा कुल सङ्ख्याको ४.८७% प्रश्न समावेश छन् भने 'नेपाली' मा प्रयोगात्मक १ र पहिचानात्मक ३ गरी जम्मा ४ अर्थात १.६८% प्रश्न समावेश छन् । यि दुई पाठ्यपुस्तकमा कारक/विभक्तिको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा 'नेपाली' मा भन्दा बढी मात्रामा रहेको पाइन्छ ।

लेख्यचिन्ह अन्तर्गत रहेर प्रश्नको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव'मा परिचयात्मक १, धारणात्मक, प्रयोगात्मक २ र पहिचानात्मक ५ गरी जम्मा १२ अर्थात ७.३२% प्रश्न समावेश छन् भने 'नेपाली' मा प्रयोगात्मक ४ र पहिचानात्मक १ गरी जम्मा ५ अर्थात २.१०% प्रश्न रहेका छन् । यस तथ्यलाई विश्लेषण गर्दा नेपालीमा परिचयात्मक र धारणात्मक प्रश्नहरु समावेश छैनन् भने 'हाम्रो नेपाली किताव' मा नै लेख्यचिन्हसम्बन्धी प्रश्नहरु 'नेपाली' मा भन्दा बढी मात्रामा रहेका छन् ।

शब्दभण्डारसम्बन्धी प्रश्नको विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा परिचयात्मक ३, धारणात्मक ३, प्रयोगात्मक ७, पहिचानात्मक ३० गरी जम्मा ४३ अर्थात् २६.२२% प्रश्नहरु समावेश छन् भने 'नेपाली' मा धारणात्मक ३०, प्रयोगात्मक १५ र पहिचानात्मक १ गर जम्मा ४६ अर्थात १९.४१% प्रश्नहरु समावेश भएका छन् । यसरी हेर्दा 'हाम्रो नेपाली किताव' भन्दा 'नेपाली' मा कही मात्रामा शव्दभण्डार सम्बन्धी प्रश्न बढी छन् ।

हाम्रो नेपाली किताबमा भन्दा नेपाली मा प्रयोगात्मक नमुना अभ्यासहरू बढी रहेका छन् । व्याकरण सम्बन्धी सबै पक्षलाई समान महत्त्व दिएर नमुना अभ्यासको व्यवस्थापन गर्न सके हाम्रो नेपाली भन्दा नेपाली अझ बढी प्रभावकारी हुने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.४ भाषिक सीप सम्बन्धी नमुना अभ्यासको तुलनात्मक अध्ययन

तालिका नं १२: भाषिक सीप सम्बन्धी अभ्यासको तुलना

| क.स. | भाषिक सीप | हाम्रो नेपाली किताब | | नेपाली | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | बोलाइ | ७० | १०.५२ | १५५ | २०.६१ |
| २. | पढाइ | ५७ | ८.५७ | ४३ | ५.७१ |
| ३. | लेखाइ | ४७३ | ७१.१२ | ४१६ | ५५.३१ |
| ४. | पले | ५१ | ६.६७ | ११८ | १५.६९ |
| ५. | सुले | ७ | १.०५ | १० | १.३३ |
| ६. | बोले | ७ | १.०५ | ६ | ०.७९ |
| | सुवो | | | ४ | ०.५३ |
| | जम्मा | ६६५ | १०० | ७५२ | १०० |

माथिको तालिकामा कक्षा ६ का 'हाम्रो नेपाली किताव' र 'नेपाली' भित्र समाविष्ट भाषिक सीपसम्बन्धी अभ्यासको तुलनात्मक तथ्याङ्कीय सुचक देखाइएको छ। उक्त तालिका अनुसार 'हाम्रो नेपाली किताव' मा जम्मा भाषिक सीप विकास सम्बन्धी ६६५ वटा प्रश्न रहेका छन् भने 'नेपाली'मा जम्मा ७५२ प्रश्नसङ्ख्या रहेका छन्। माथिको तालिका अनुसार भाषिक सीपसम्बन्धी नमुना अभ्यासलाई ७ वटा आधारमा वर्गीकरण गरिएको छ।

'हाम्रो नेपाली किताव' मा बोलाइ सीप विकास गर्ने जम्मा ७० वटा प्रश्न अर्थात कुल प्रश्न सङ्ख्याको १०.५२% प्रश्नहरु रहेका छन् भने 'नेपाली' मा १५५ अर्थात २०.६१%प्रश्नहरु रहेका छन् ।यस तथ्याङ्कलाई विश्लेषण गर्दा 'हाम्रो नेपाली किताव' मा भन्दा 'नेपाली' मा बोलाइ सीप विकास गर्ने किसिमक प्रश्नहरु बढी रहेको पाइन्छ। 'हाम्रो नेपाली किताव' मा पढाइ सीप विकास गर्ने ५७ वटा प्रश्न वा कुल सङ्ख्याको ८.५७% प्रश्नहरु रहेका छन् भने 'नेपाली' मा ४३ अर्थात ५.७१% प्रश्नहरू रहेका छन् । यस तथ्याङ्कलाई अध्ययन गर्दा 'हाम्रो नेपाली 'किताबमा नेपाली मा भन्दा बढी पढाइ सिप सम्बन्धी प्रश्नहरू रहेको पाइन्छ।

'हाम्रो नेपाली 'किताबमा लेखाइ सिप विकास गर्ने ४७३ वटा प्रश्न अर्थात् कूल सङ्ख्याको ७१.१२ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली 'किताबमा ४१६ अर्थात् कूल सङ्ख्याको ५५.३१ प्रतिशत प्रश्नहरू समावेश भएका छन् । तथ्याङ्कलाई हेर्दा 'हाम्रो नेपाली 'किताबमा नेपाली मा भन्दा बढी लेखाइ सिप विकासको लागि केन्द्रित रहेको पाइन्छ । दुवै पाठ्यपुस्तकमा आधाभन्दा बढी प्रश्नहरू लेखाइ सिपको विकासका लागि रहेका छन् ।

पढाइ र लेखाइ दुवै सिप विकास गर्नको लागि 'हाम्रो नेपाली 'किताबमा ५१ वटा प्रश्नहरू अर्थात् कूल सङ्ख्याको ६.६७ प्रतिशत प्रश्नहरू रहेका हुन्छन् भने ' नेपाली ' मा ११८ अर्थात् कूल सङ्ख्याको १५.६९ प्रतिशत प्रश्न रहेका छन् । यसलाई विश्लेषण गर्दा 'हाम्रो नेपाली' किताबमा भन्दा 'नेपाली ' मा पढइ र लेखाइ दुवै सिपको संयुक्त सिप विकास गर्ने प्रश्नहरू रहेका छन् ।

सुनाइ र लेखाइ दुवै संयुक्त सिप विकास गर्नका लागि 'हाम्रो नेपाली 'किताबमा ७ वटा प्रश्न अर्थात् कूल सङ्ख्याको १.०५ प्रतिशत प्रश्नहरू रहेका छन् भने नेपालीमा १० वटा अर्थात् कूल प्रश्न सङ्ख्याको १.३३ प्रतिशत प्रश्नहरू रहेको पाइयो । यस तथ्यलाई विश्लेषण गर्दा 'हाम्रो नेपाली 'किताबमा भन्दा ' नेपाली ' मा केही मात्रामा बढी अभ्यास सुनाइ र लेखाइ सिप विकासमा केन्द्रित रहेका छन् । बोलाइ र लेखाइ सिप विकास गर्ने प्रश्नहरु ' हाम्रो नेपाली' किताबमा ७ वटा अर्थात् कूल सङ्ख्याको १.०५ प्रतिशत प्रश्नहरु रहेका छन् भने 'नेपाली' मा ६ वटा अर्थात् कूल सङ्ख्याको ०.७९प्रतिशत प्रश्नहरु रहेका छन् । हाम्रो नेपालीमा भन्दा नेपालीमा १ वटा प्रश्न बढी रहेको छ । त्यस्तै सुनाइ र बोलाइ सिपको विकास गर्ने प्रश्न हाम्रो नेपालीमा नभए पनि नेपाली मा ४ वटा अर्थात् कूलप्रश्न सङ्ख्याको ०.५३ प्रतिशत प्रश्नहरु रहेका छन् ।

दुवै पाठ्यपुस्तकमा रहेका भाषिक सिप सम्बन्धी प्रश्नहरूको विश्लेषण गरी निष्कर्षमा भन्नुपर्दा सुनाइ सिप सम्बन्धी प्रश्न दुबै पाठ्यपुस्तकमा सुन्य मात्रामा रहेका छन् । हाम्रो नेपालीमा भन्दा नेपालीमा बोलाइ सिप सम्बन्धी प्रश्नहरू दोब्बर रहेका छन् । पढाइ सिप सम्बन्धी प्रश्नहरू नेपालीमा भन्दा हाम्रो नेपालीमा केही मात्रामा बढी रहेका छन् । लेखाइ सिप सम्बन्धी प्रश्नहरू दुबै पाठ्यपुस्तकमा समानुपातिक रुपले नै रहेका छन् । संयुक्त भाषिक सिप विकास गराउने प्रश्नहरू हाम्रो नेपालीमा भन्दा नेपालीमा नै बढी मात्रामा रहेका छन् । हाम्रो नेपालीमा भन्दा नेपाली मा सिप पक्षको समानुपातिक वितरणलाई ख्याल गरिएको छ । अभ्र सबै पक्षलाई ध्यान दिएर नमुना अभ्यास निर्माण गर्न सके राम्रो पाठ्यपुस्तक बन्न सक्छ ।

# परिच्छेद -५ निष्कर्ष र सुझाव

कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'नेपाली' मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या विश्लेषण र तुलनाको आधारमा निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.१. निष्कर्ष

### ५.१.१ हाम्रो नेपाली किताब

१. यस पाठ्यपुस्तकमा कठिन शब्दका निम्ति तयार पारिएको शब्दार्थ सूचीमा पारिभाषिक /प्राविधिक र पर्यायवाची शब्दको बाहुल्य रहेको छ भने क्रमशः अनुकरणात्मक, विपरीतार्थक, र उखानटुक्का न्यून मात्रामा रहेका छन् ।

२. कठिन शब्दका निम्ति दिइएका शब्दार्थलाई पर्यायवाची र पारिभाषिक तर्फबाट अर्थ्याइएको पाइन्छ ।

३. विधागत अभ्यास र व्याकरणको अभ्यासलाई छुट्टा छुट्टै रुपमा प्रस्तुत गरिएको छ ।

४. सिर्जनात्मक क्षमताको विकास गराउन छुट्टै सिर्जनात्मक अभ्यास शीर्षकमा नमुना अभ्यास राखिएको छ ।

५. विधासम्बन्धी नमुना अभ्यासको व्याख्या र विश्लेषण गर्दा आधा भन्दा बढी नमुना अभ्यासहरू बोध तहका छन् भने क्रमशः प्रयोग र सिर्जनात्मक तहका प्रश्नहरू घट्दो क्रममा छन् ।

६. भाषिक सिप विकास अन्तर्गतका नमुना अभ्यास अन्तर्गत लेखाइ सिपको विकास गर्ने प्रश्नहरू बढी मात्रामा रहेका छन् भने क्रमशः बोलाई, पढाइ र संयुक्त सिप विकास गर्ने प्रश्नहरू कम हुँदै गएका छन् । सुनाइ सिप विकासका प्रश्नहरू भने शुन्य रहेका छन् ।

७. व्याकरण पक्षको नमुना अभ्यास अन्तर्गत प्रयोगात्मक र धारणात्मक प्रश्नहरू समान मात्रामा रहेका छन् भने पहिचानात्मक प्रश्नहरू केही कम र परिचयात्मक सिप विकासका प्रश्नहरू अत्यन्तै न्यून रहेका छन् ।

८. यस पाठ्यपुस्तकमा विधासम्बन्धी अभ्यासहरूमा बोध, प्रयोग र सिर्जना तीन पक्षका नमुना अभ्यासहरूमा सन्तुलन रहेको पाइँदैन ।

९. अभ्यासमा विविधताको कमी रहेको देखिन्छ ।

१०. व्याकरण अन्तर्गत शब्दभण्डार विकास गराउने सबैभन्दा बढी अभ्यास रहेको, अर्थ र भाव सम्बन्धी अभ्यास न्यून मात्रामा रहेको देखिन्छ ।

११. पाठ्पुस्तकमा जम्मा २२ वटा पाठ सङ्ख्या रहेको देखिन्छ ।

१२. व्याकरणलाई निगमन विधिबाट सिकाउने प्रयास गरिएको पाइन्छ ।

**५.१.२ नेपाली**

१. यस पाठ्यपुस्तकमा कठिन शब्दको अर्थ बोध गर्न सहजताका लागि राखिएका शब्दार्थको विश्लेषण गर्दा पर्यायावाची शब्द र पारिभाषिक/प्राविधिक शब्दहरू अधिक मात्रामा रहेका छन् । अनुकरणात्मक र अनेकार्थक शब्दहरू न्यून मात्रामा रहेका छन् ।

२. उखान टुक्कासँग सम्बन्धित शब्दहरू शब्दार्थसूचीमा राखिएको छैन ।

३. विधासम्बन्धी नमूना अभ्यास अन्तर्गत प्रयोग तहमा सबैभन्दा बढी नमुना अभ्यासहरू रहेका छन्  भने केही कम सङ्ख्यामा बोधसम्बन्धी  र सिर्जनात्मक अभ्यास न्यून मात्रामा रहेका छन्  ।

४. सीप विकासका लागि नमुना अभ्यासको विश्लेषण गर्दा लेखाइ सिप विकासमा अत्याधिक जोड दिइएको र क्रमशः बोलाइ, पढाइ र लेखाइ संयुक्त सिप विकास गराउने खालका अभ्यास त्यस्तै अन्य सिप विकासका अभ्यासहरू न्यून मात्रामा रहेका छन् ।

५. सुनाइ सिप विकासका लागि कुनै नमुना अभ्यास रहेको पाइँदैन  ।

६. व्याकरण पक्ष अन्तर्गत प्रयोगात्मक क्षमता विकास गर्ने प्रश्नको बाहुल्य छ भने क्रमशः धारणात्मक, पहिचानात्मक र परिचयात्मक अभ्यास अति कम सङ्ख्यामा रहेका छन् ।

७. व्याकरणलाई सरल देखि जटिलको क्रममा स्तरण गरिएको छ ।

८. व्याकरणलाई आगमन विधिबाट सिकाउने अभ्यासहरू तयार गरिएको छ ।

९. पाठ्यपुस्तक भित्र २० वटा पाठ सङ्ख्याहरू रहेका छन् ।

१०. पाठ्यविधा अन्तर्गत बोध, प्रयोग र सिर्जना पक्षको सन्तुलन रहेको पाइँदैन ।

११. अभ्यासमा विविधताको प्रयास गरिएको छ  ।

## ५.२ . तुलनात्मक निष्कर्ष

१. शब्दार्थको तुलनात्मक विश्लेषण गर्दा हाम्रो नेपाली किताबमा भन्दा नेपालीमा १७ वटा शब्दसङ्ख्या कम रहेको छ। उखानटुक्का जनित शब्दार्थ हाम्रो नेपालीमा पाइन्छ तर नेपालीमा समावेश रहेको छैन ।

२. दुवै पाठ्यपुस्तकमा भाषिक सिप सम्बन्धी अभ्यासमा लेखाइलाई अधिक मात्रामा जोड दिइएको छ भने सुनाइ सिप विकास गराउने खालका अभ्यासहरू राखिएका छैनन् ।

३. व्याकरण सम्बन्धी अभ्यासको तुलना गर्दा शब्दभण्डार प्रयोग गर्ने खालका नमुना अभ्यास हाम्रो नेपालीमा बढी मात्रामा पाइन्छ भने नेपालीमा वर्णविन्यासको प्रयोगात्मक पक्ष विकासका लागि नमुना अभ्यासहरू बढी केन्द्रित छन् । नेपाली पाठ्यपुस्तकमा प्रयोगात्मक पक्षलाई बढी जोड दिइएको छ ।

४. 'हाम्रो नेपाली किताबमा' भन्दा 'नेपाली ' किताबमा अभ्यासमा विविधता लयाउने प्रयास गरिएको छ ।

५. व्याकरण शिक्षण निगमन विधिबाट शिक्षण गर्ने प्रक्रिया हाम्रो नेपालीमा छ तर नेपालीमा आगमनात्मक विधिबाट व्याकरण शिक्षण गर्ने गरी तयार पारिएको छ ।

६. 'हाम्रो नेपाली किताबमा' नमुना अभ्यासमा व्याकरण , अभ्यास, सिर्जनात्मक अभ्यास भनी छुट्याइएको छ भने नेपालीमा अभ्यास, शब्दभण्डार, उच्चारण र हिज्जे र कार्यमूलक व्याकरण भनी छुट्याइएको छ ।

७. हाम्रो नेपालीमा २२ वटा पाठ समावेश भएका छन् भने नेपालीमा २० वटा मात्र पाठहरू समावेश भएका छन् ।

९. 'हाम्रो नेपाली किताबमा' उत्तर लेखेर व्यक्त गर्ने प्रश्नहरू बढी छन् भने 'नेपाली' मा बोलाइ सिप विकासका लागि बोलेर उत्तर दिने खालका प्रश्नहरू बढी मात्रामा समावेश गरिएका छन् ।

१०. सङ्ख्यात्मक रुपमा हाम्रो नेपालीमा ६६५ वटा प्रश्नहरू रहेका छन् भने नेपालीमा ७५२ वटा प्रश्नहरू रहेका छन् । यस उदाहरणले अभ्यासमा पऱ्याप्तता हुँदै गएको देख्न सकिन्छ ।

११. दुबै पाठ्यपुस्तकमा बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक अभ्यासको विवरण असमान रहेको छ ।

१२. 'हाम्रो नेपाली किताब' मा भन्दा 'नेपाली' मा व्याकरण पक्षलाई सरल देखि जटिलको क्रममा राखिएको छ ।

१३. सिप विकासका आधारमा नमुना अभ्यासहरूको विश्लेषण गर्दा पढाइ सिप विकासको स्थिति दुवै पाठ्यपुस्तकमा कमजोर रहेको देखिन्छ ।

## ५.३ सुझाव

कक्षा छ को 'हाम्रो नेपाली किताब' र 'नेपाली' पाठ्यपुस्तकको अध्ययन, विश्लेषण र तुलनात्मक अध्ययन प्रस्तुत शोधमा गरिसकिएको छ । दुबै पाठ्यपुस्तकमा प्रस्तुत भएका नमुना अभ्यासहरुको अध्ययन, विश्लेषण र तुलना गर्दा नयाँ पाठ्यपुस्तक नेपाली मा हाम्रो नेपाली किताब मा भन्दा केही मात्रामा स्तरीयता थपिँदै गई परिष्कृत भएको पाउन सकिन्छ । नयाँ पाठ्यपुस्तक 'नेपाली' लाई अझ सबल, स्तरीय र परिष्कृत बनाउनका लागि विभिन्न तहमा रहेका व्यक्तित्वहरुले अझ मेहनत गर्नुपर्ने देखिन्छ । यहाँ नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि छुट्टा छुट्टै रुपमा सुझाव प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तहका लागि

१. शब्दार्थ सूचीमा पर्यायवाची, पारिभाषिक/प्राविधिक शब्दहरू मात्र बढी नराखी अनेकार्थक, अनुकरणात्मक, श्रूतिसमभिन्नार्थक र उखानटुक्कालाई पर्याप्त स्थान दिई पाठ्यपुस्तक निर्माण गर्नु उपयुक्त देखिन्छ ।

२. शब्दार्थ सम्बन्धी अभ्यासको समायोजन गर्दा शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

३. विषयवस्तुका आधारमा बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक प्रश्नहरूको सन्तुलन मिलाउँदा अझै उपयुक्त हुने देखिन्छ ।

४. भाषिक सिपको विकासका लागि भाषाका चारवटै सिपलाई समानुपातिक रुपमा समावेश गर्नु आवश्यक देखिन्छ ।

५. नमुना अभ्यासको समायोजन गर्दा शिक्षक भन्दा पनि विद्यार्थी आँफै जागरुक भई कार्य गर्ने खालका अभ्यास राखिँदा चाहेको उपलब्धि हाँसिल हुने देखिन्छ ।

६. शुद्ध लेखाइ र पढाइको विकासका लागि लेख्य चिन्ह सम्बन्धी प्रश्नहरू थप गर्नुपर्ने देखिन्छ । वर्ण विन्यास र शब्दभण्डारमा मात्र जोड नदिई सम्पुर्ण पक्षलाई समानुपातिक रुपमा समावेश गर्दा पाठ्यक्रम अझ सबल हुने देखिन्छ ।

७. व्याकरणलाई छुट्टै नराखी भाषाशिक्षण गर्दा नै भाषाको शुद्ध रुप सिकाउने खालका अभ्यास समायोजन गरिनु आवश्यक देखिन्छ ।

### ५.३.२ अभ्यास तहका लागि :

अभ्यास तहका लागि सुझावहरू निम्नानुसार रहेका छन् ।

१. शब्दार्थ सूचिमा रहेका शब्दहरूको शिक्षण गर्दा ती शब्दबाट विद्यार्थीलाई वाक्य समेत निर्माण गर्न लगाउँदा प्रभावकारी हुने देखिन्छ ।

२. विद्यार्थीको रुचि, क्षमता र स्तरलाई ख्याल गर्दै विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी कक्षा शिक्षण गर्दा अझ प्रभावकारी कक्षा शिक्षण हुने देखिन्छ ।

३. शब्दार्थ शिक्षण गर्दा शब्दकोशो प्रयोग गर्नु आवश्यक देखिन्छ ।

४. समय समयमा भाषाविद्द्वारा भाषा कक्षाको सुपरीवेक्षण तथा मूल्याङ्कन गराउनु आवश्यक देखिन्छ ।

५. कक्षामा शिक्षकले शिक्षण गर्दा आफू सहजकर्ताका रुपमा रही विद्यार्थीहरू बीचमा नै छलफल र अभ्यास गराउँदा उद्देश्य हाँसिल गर्न थप बल पुग्ने देखिन्छ ।

६. सिर्जनात्मक अभ्यासमा राखिएका नमुना अभ्यासलाई पनि बराबरी महत्त्व दिई क्रियाकलाप गराउँदा विद्यार्थीको क्षमता विकासमा थप सहयोग पुग्ने देखिन्छ।

**५.३.३ अनुसन्धान तहका लागि :**

भावि अनुसन्धान गर्ने व्यक्तिहरूका लागि शीर्षकहरू नदोहोरियुन् र नछुटुन् भनी निम्नानुसार सुझाव प्रस्तुत गर्न सकिन्छ ।

१. कक्षा ७ को ‘हाम्रो नेपाली किताब’ र ‘नेपाली’ भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन ,

२. कक्षा ८ को ‘हाम्रो नेपाली किताब’ र ‘नेपाली ’ भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,

३. पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा भएका नमुना अभ्यासको विश्लेषण,

४. पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा ७ को नेपाली पाठ्यपुस्तक भित्र समाविष्ट नमुना अभ्यासको विश्लेषण,

# सन्दर्भ सामग्री सूची


अधिकारी, सबिता (२०६५), *मेरो नेपाली किताब कक्षा ३ , मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन* स्नातकोत्तर शोधपत्र (अप्र) त्रि.वि किर्तिपुर

अधिकारी हेमाङ्गराज (२०५९.)*विद्यालय तहमा नेपाली पाठ्यपुस्तकमा विद्यमान स्थिति विद्यार्थीहरूको भाषागत आवश्यकता परिप्रेक्ष शिक्षा,*

अधिकारी हेमाङ्गराज, (२०५३)*नेपाली भाषाशिक्षण,* काठमाडौं कुञ्जल प्रकाशन

काफ्ले, लक्ष्मी (२०६९), *कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासकोविश्लेषणाल्मक अध्ययन* , स्नातकोत्तर शोधपत्र (अप्र) सुकुना बहुमुखी क्याम्पस,

खतिवडा, फाल्गुण प्रसाद (२०६९), *भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* स्नातकोत्तर शोधपत्र(अप्र) शोध सुकुना बहुमुखी क्याम्पस

गेलाल राजनकुमार (२०६८) कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन ,स्नातकोत्तर शोधपत्र (अप्र)सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ

चापागाईं नरेन्द्र (२०६९ ) *भाषिक अनुसन्धान विधि,* अन्वेषण प्रकाशन समिति इतिहाँस तथा सँस्कृति विभाग स्नातकोत्तर क्याम्पस, विराटनगर

ठकुरी भोजकुमार (२०६१), *हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन* स्नातकोत्तर शोधपत्र ( अप्र) सुकुना बहुमुखी क्याम्पस,

ढुंगाना लक्ष्मीप्रसाद (२०६७), *कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र (अप्र) सुकुना बहुमुखी क्याम्पस

दाहल, मोहनकुमार (२०५५), *निम्नमाध्यामिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन,* स्नातकोत्तर शोधपत्र (अप्र) त्रि.वि.किर्तिपुर,

पराजुली, ढाकाकुमारी (२०६९) *कक्षा ६ को "हाम्रो नेपाली किताब" र "रसिलो नेपाली" भित्र  समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोध ( अ.प्र) सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ

पाण्डेय, शेषकुमार (२०६२) *कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रमअनुरुपताको अध्ययन* स्नातकोत्तर शोध(अप्र) त्रिभुवन विश्वविद्यालय,सुकुनाबहमुखी क्याम्पस,इन्द्रपुर

पा.वि.के सानोठिमी भक्तपुर, *आधारभूत शिक्षा पाठ्यक्रम* २०६९,सहयात्रा प्रिन्टर्स एण्ड पब्लिसर्स प्रा.लि विराटनगर

पौडेल माधवप्रसाद  (२०५५) *जिल्लास्तरीय परीक्षा २०५१ मा समावेश गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरू विश्लेषण* ( अप्रकाशित शोध)सुकुना बहुमुखी क्याक्पस इन्द्रपुर,मोरङ

लम्साल, रामचन्द्र र ज्ञवाली रामप्रसाद (२०७०) *नेपाली कक्षा ८ (परीक्षणका लागि)* पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर

भट्टराई गोविन्दप्रसाद र दाहाल दोर्ण (२०५३) *हाम्रो नेपाली किताब कक्षा ८,* पाठ्यक्रम विकास केन्द्र सानोठिमी भत्तपुर

भण्डारी पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८) *भाषिक अनुसन्धान विधि,* पिनाकल पब्लिकेसन, काठमाडौं,

भण्डारी पारसमणि, तुलसीराम घिमिरे र रामनाथ ओझा, (२०६८) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार,

शर्मा केदार प्रसाद र माधवप्रसाद पौडेल(२०६०) *नेपाली भाषा तथा साहित्य शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज, किर्तिपुर

# परिशिष्ट (१)

आधारभूत शिक्षा पाठ्यक्रम अनुसार कक्षा ६ को नेपाली विषयको पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू :

यस कक्षा कार्यकलापको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

**सुनाइ र बोलाइ**

१. शब्दार्थहरूमा प्रयुक्त उच्चार्य वर्णहरू सुनी तिनको भिन्नता पहिल्याउन,

२. शब्दहरूको  शुद्ध र स्पष्ट उच्चारण गर्न ,

३. अरुले भनेका कुरा ध्यानपूर्वक भन्न र सुन्न,

४. सञ्चार माध्यमका सुचनाहरू सुन्न र भन्न,

५. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन,

६. कविता, गीत, कथा, वर्णन र जीवनी सुनेर प्रतिक्रिया जनाउन,

७. स-साना कुराकानी संवाद, प्रश्नोत्तर आदिमा प्रभावकारी ढंगले भाग लिन,

८. आफूले देखेसुनेका, अनुभव गरेका वस्तु, वातावरण र घटनाका विषयमा वर्णन गर्न,

९.सिलसिला र हाउभाउ मिलाइ बोल्न,

१०. अनुभवका आधारमा सन्दर्भ र प्रसङ्ग मिलाई मौखिक रुपमा प्रश्नोत्तर गर्न,

११. भाषिक मौलिकता पहिचान गर्ने गरी वक्ताहरूको अभिव्यक्ति सुन्न,

**पढाइ**

१. लिखित सामग्रीलाई गति यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न,

२. विभिन्न विधाका पाठहरू आशयअनुसार पढ्न,

३. मुख्य मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न,

४. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौन वाचन गर्न ,

५. प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पाठहरू सस्वर वाचन गर्न,

६. पाठमा प्रयुक्त शब्दहरूको अर्थ बुझी पढ्न,

७. विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न,

८. विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न ,

**लेखाइ**

१. हिज्जे मिलाई सफा र शुद्‌दसँग लेख्न,

२. लेख्य चिन्हहरूको ठिकसँग प्रयोग गर्न,

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

४. आफूले सुनेका, देखेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणको लिखित वर्णन गर्न,

५. सुनेका, पढेका विषयवस्तुको सार लेख्न,

६. अनुच्छेद, चिठी, निवेदन सिलसिला मिलाई लेख्न,

७. आफ्नो रुची अनुसारका विषयमा स-साना मौलिक रचना गर्न,

८. वाक्यमा सङ्गति मिलाई तिनको उपयुक्त प्रयोग गर्न,

९. विशिष्ट अंशको भाव विस्तार/व्याख्या गर्न,

१०. व्याकरणसम्वत वाक्य रचना गर्न,

## परिशिष्ट (२)

नेपाली विषयका विषय शिक्षकहरूलाई सोधिएका प्रश्नहरू:

१. २०७० बाट देशभर लागु भएको कक्षा ६ को नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल छ की छैन ?

२. पुरानो पाठ्यपुस्तक र नयाँ पाठ्यपुस्तकमा के भिन्नता पाउनुहुन्छ ?

३. पाठ्यपुस्तक भित्रका नमुना अभ्यासहरूमा के के परिवर्तन भएका छन् ?

४. दुई पाठ्यपुस्तक मध्ये कुन पाठ्यपुस्तकका नमुना अभ्यासमा विद्यार्थीका रुचि, स्तर र चाहानालाई बढी ध्यान दिइएको छ ?

५. परिवतिर्त नेपालीमा नमुना अभ्यासहरू पर्याप्त छन् की छैनन् ?

६. दुई पाठ्यपुस्तक मध्ये कुन पाठ्यपुस्तकले भाषिक सिपका समानुपातिक विकासलाई जोड दिएको छ ?

७. व्याकरण पक्षको नमुना अभ्यासमा पुरानो र नयाँ पाठ्यपुस्तक विच के भिन्नता पाउनुहुन्छ ?

८. परिवर्तित पाठ्यपुस्तकमा शब्दभण्डार पर्याप्त मात्रामा छन् की छैनन् ?

९. शब्दभण्डारमा के कुरा थप गर्नुपर्ने देखिन्छ ?

१०. प्रयोगात्मक नमुना अभ्यासका लागि कुन पाठ्यपुस्तक बढी सान्दर्भिक छ ?

११. नमुना अभ्यासलाई अझ प्रभावकारी बनाउन के कुरा थप गर्न सकिन्छ ?

१२. नयाँ पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये कुन पक्षलाई बढी जोड दिएको छ ?